मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक २८ • २०८२ साल मंसिर २४ गते बुधवार • Wednesday 10, December 2025 • सूर्योदयः बिहान ०६:४२ बजे • सूर्यास्तः साँझ ५:१२ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## एमाले नेता शिवशंकर साह पक्राउ

**जनकपुरधाम**

नेकपा एमालेका नेता एवं व्यवसायी शिवशंकर साह हिरालाई प्रहरीले पक्राउ गरेको छ। नेकपा एमाले एवं जनकपुर उद्योगमा संघका पूर्व अध्यक्ष समेत रहेका साहलाई प्रहरीले भारतबाट पक्राउ गरेको हो। शाहले सञ्चालन गरेको होटलमा केही दिनपूर्व एकजना नाबालिक युवती क्लबको बलात्कार भएको आरोपमा अनुसन्धान थालेपछि निजका दाजु मनोज साहलाई पक्राउ गरेको थियो। दाजु पक्राउ परेपछि भारतको बिहारमा पक्राउ गरिएको बताइएको छ। धनुषा प्रहरीले यस घटनाको पुष्टि गरेको छ।मंगलबार साँझ भारतको सीतामढीबाट एमाले नेता हिरालाई पक्राउ गरेर धनुषा प्रहरीलाई जीमा लगाइएको छ ।हिरा एमालेबाट २०७९ सालको जनकपुरधाम नगर प्रमुखको उम्मेदवार थिए। उनी प्रदेश उद्योग वाणिज्य संघ मधेशका पूर्वअध्यक्षसमेत छन्। यीबाहेक यही मुद्दामा फलसोम क्याफेका म्यानेजर अमित ठाकुर र बालिकाका मामा समेत पक्राउ परेका छन्।

# देशभरका भन्सार कार्यालयमा पेन डाउन राजस्व संकलन प्रभावित

*भन्सार विभाग र एजेन्टहरूबीच मंगलबार भएको वार्ता निष्कर्षविहीन भएपछि पेनडाउन नरोकिने भएको छ । भन्सार कार्यालयको भन्सार जाँच पास प्रक्रिया ठप्प पारेको भन्सार एजेन्ट महासङ्घसँग विभागका पदाधिकारीहरूले दिउँसो ३ बजे वार्ता गरेका थिए । बुधबार पुनः छलफल गर्ने गरी मंगलबारको बैठक सकिएको हो ।*




**मधेशदृष्टि**
**वीरगंज ।**
भन्सार एजेन्ट महासङ्घको देशव्यापी पेनडाउन आन्दोलनका कारण देशभरका सबै भन्सार कार्यालयमा कामकाज ठप्प भएको छ । भन्सार जाँचपास रोकिएसँगै नेपालमा हुने सबै प्रकारका मालवस्तुको आयात–निर्यात बन्द भएको छ ।

महासङ्घले केही समयअघि संसदबाट पारित भएको नयाँ भन्सार ऐनका अन्यायपूर्ण प्रावधान संशोधन गर्न माग गर्दै आएको थियो । विशेषगरी दफा ७१ (झ) मा कागजात विद्युतीय प्रणालीमा अपलोड गर्दा साना त्रुटिमा समेत जरिवाना लगाउने व्यवस्था रहेको भन्दै एजेन्टहरूले कडा आपत्ति जनाउँदै आएका छन् ।

यसैगरी, भन्सार प्रणालीमा देखिने सर्भर समस्या, पेशागत हकहित, तथा ऐनका अव्यवहारिक व्यवस्था सच्याउन माग राख्दै चरणबद्ध आन्दोलनअन्तर्गत पेनडाउन शुरु गरिएको महासङ्घका केन्द्रीय सदस्य उमेश घिमिरेले बताए ।

सोमबार वीरगंज भन्सार कार्यालयमा मात्र पेनडाउन गरिएको थियो । तर माग निष्कर्षमा नपुगेपछि आजदेखि देशभरका सबै भन्सार कार्यालयमा जाँचपास बन्द गरिएको महासङ्घले जनाएको छ । भन्सारमा जाँच पास बन्द भएको कारण वीरगंज आइसिपीमा हजारौँ माल बोकेका ट्रक रोकिएका छन् । आन्दोलनका कारण सैयौँ मालबाहक गाडी भन्सार कार्यालयमै रोकिएका छन् भने दैनिक रूपमा राज्यले उठाउने करोडौँ राजस्व हानी हुने अनुमान गरिएको छ ।

यता, वीरगंज उद्योग वाणिज्य सङ्घले घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै भन्सार एजेन्टहरूले उठाएका मागहरू न्यायोचित रहेको निष्कर्ष निकालेको छ । सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले केवल दण्ड–जरिवाना थोपरेर व्यापार–व्यवसाय विस्तार असम्भव हुने उल्लेख गर्दै भन्सार प्रणाली सुधारका लागि सरकार तर्फबाट तत्काल पहल आवश्यक रहेको बताएका छन् । उद्योग वाणिज्य सङ्घले उदार अर्थनीतिको अवधारणाअनुसार अनुदार भन्सार नीति अगाडि सार्न नमिल्ने जिकिर गर्दै सरकारलाई तात्कालिक रूपमा हस्तक्षेप गरी समस्या समाधान गर्न आग्रह गरेको छ ।

नयाँ भन्सार ऐन–२०७९ (संसोधित २०८२) का केही प्रावधानले भन्सार एजेन्टहरूको हकहितमा प्रत्यक्ष असर परिरहेको भन्दै वीरगंज उद्योग वाणिज्य सङ्घले तिनको तत्काल पुनरावलोकन तथा सुधारको माग गरेको छ ।

सङ्घले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै वीरगंज भन्सार कार्यालयका एजेन्टले पुस ८ गतेदेखि कलमबन्द गर्दै भन्सार जाँच–पास बन्द गरेको निर्णयप्रति गम्भीर ध्यानाकर्षण गराएको छ । एजेन्टहरूको भनाइमा नयाँ ऐनका केही दफा पेशागत गतिविधि कठिन बनाउनुका साथै अन्तर्राष्ट्रिय व्यापार सहजीकरणमा समेत बाधा उत्पन्न गरिरहेका छन् ।

**‘पेन डाउन’ जारी**

भन्सार एजेन्ट महासङ्घ नेपालले मङ्सिर २० गते जारी भएको भन्सार ऐन २०८२ को विरोधमा देशभरका भन्सार कार्यालयमा मंगलबारदेखि ‘पेन डाउन’ गर्ने घोषणा गरेको छ ।

महासङ्घले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिमा ऐनमा रहेका कतिपय दफाले भन्सार एजेण्टको पेसा–व्यवसायलाई प्रत्यक्ष असर पार्ने र अन्तरराष्ट्रिय व्यापार सहजीकरणमा नकारात्मक प्रभाव पार्ने दाबी गरेको छ । महासङ्घले भन्सार ऐन, २०८२ रहेको केही व्यवस्थाका कारणले गर्दा एजेन्टलाई हतोत्साहित तुल्याएको दाबी गरेको छ । महासङ्घका अध्यक्ष प्राचीनकुमार थैवका अनुसार ऐनमा भन्सार इजाजतपत्र प्राप्त व्यक्तिलाई हतोत्साहित पार्ने खालका दण्ड जरिवानाका प्रावधान समावेश गरिएको छ । ऐनका प्रावधानले भन्सार एजेन्टको पेसागत हकहित र सहज काम गर्ने वातावरणमा नकारात्मक असर पु¥याएको भन्दै उनले ऐनको मस्यौदा तयार गर्दादेखि नै भन्सार विभाग र अर्थ मन्त्रालयलाई पेसागत हकहित र व्यापार सहजीकरणबारे ध्यानाकर्षण

*बाँकी पृष्ठ २ मा*

# धनुषा–३ बाट महतो र झा सिफारिस





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय मुक्ति पार्टी नेपालले आगामी संघीय निर्वाचनका लागि धनुषा निर्वाचन क्षेत्र नम्बर–३ बाट पार्टी अध्यक्ष राजेन्द्र महतो र केन्द्रीय उपाध्यक्ष डा. राजीव झालाई उम्मेदवारका रूपमा सिफारिस गरेको छ ।

धनुषा जिल्ला अध्यक्ष राजेश चौधरी ‘राजु’ को अध्यक्षतामा बसेको जिल्ला कार्यसमितिको बैठकले दुवै नेताको नाम सर्वसम्मत रूपमा सिफारिस गर्ने निर्णय गरेको हो । निर्णयअनुसार मंगलबार केन्द्रमा औपचारिक रूपमा नाम पठाइने जिल्ला कार्यसमितिले जनाएको छ ।

स्थानीयस्तरमा लोकप्रिय तथा संगठन विस्तारमा सक्रिय भूमिका निर्वाह गर्दै आएका डा. राजीव झाले उम्मेदवारी दिने तयारी गरे पनि पार्टी अध्यक्षप्रति सम्मानस्वरूप राजेन्द्र महतोको नाम पनि सिफारिस गरिएको जिल्ला कार्यसमितिले जनाएको छ । यदि अध्यक्ष महतो धनुषाबाट प्रतिस्पर्धा गर्न इच्छुक भए उनलाई पूर्ण समर्थन गर्ने डा. झाले जानकारी गराए ।

यो उम्मेदवारी प्रक्रियाले पार्टीलाई थप मजबुत बनाउने विश्वास नेतृत्वले व्यक्त गरेको छ ।

पार्टीले मधेशका अधिकार, समानता, सामाजिक न्याय तथा जनजीविकाका मुद्दालाई केन्द्रमा राख्दै आगामी निर्वाचनमा बलियो उपस्थिति जनाउने तयारी गरेको पनि जनाएको छ ।

बैठकमा केन्द्रीय उपाध्यक्ष डा. झा, केन्द्रीय सचिव संजय चौधरी, अनुशासन विभाग प्रमुख संजय चौधरी, राजनीतिक समिति सदस्यद्वय दीपक यादव, विजय यादव, केन्द्रीय सदस्य संजय गाडिया, चन्देश्वर चौधरीलगायत केन्द्रीय नेताको उपस्थित थियो ।




# बलात्कार आरोपी जनमत पार्टीका निलम्बित सचिव साह पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
बलात्कार आरोप लागेको जनमत पार्टीका निलम्बित केन्द्रीय सचिव बीपी साहले प्रहरीमा आत्मसमर्पपण गरेका छन् । मंगलबार साहले जिल्ला प्रहरी कार्यालय धनुषा पुगेर प्रहरीसमक्ष आत्मसमर्पण गरेका हुन् । जनकपुरधामकी एक महिलाले साहले आफूलाई जबर्जस्ती करणी गरेको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिएकी थिइन् । जाहेरी दर्ता भएपछि प्रहरी प्रशासनले साहविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो ।

प्रहरीको अनुसन्धान प्रक्रिया तीव्र बन्दै गइरहेको अवस्थामा साह भने केही दिनदेखि फरार अवस्थामै थिए । प्रहरीको फरार सूचीमा रहे पनि साह भने निरन्तर सामाजिक सञ्जालमा सक्रिय देखिन्थे । उनको लोकेसन, गतिविधि तथा पोस्टका आधारमा प्रहरी टोलीले उनको सम्भावित स्थान ट्र्याक गर्ने प्रयास गरिरहेको कारण जतिबेला पनि पक्राउ पर्नसक्ने डरले बाध्य भएर आत्मसमर्पण गरेको प्रहरीले जनाएको छ । प्रहरी स्रोतका अनुसार साहलाई पक्राउ गर्न प्रहरीले प्राविधिक व्यवस्थालाई कडा बनाएपछि साहले आफू छिट्टै पक्राउ पर्न सक्ने महसुस गरेको र त्यसै कारण आत्मसमर्पण गरेका हुन् । प्रहरीका अनुसार उनले आत्मसमर्पण गर्नुअघि केही दिनदेखि विभिन्न स्थान परिवर्तन गरेर बसिरहेको पाइएको छ । उनको सामाजिक सञ्जाल गतिविधिबाट लोकेसन ट्र्याक गर्दा प्रहरी नजिकिँदै गइरहेका थियो । त्यसैले पक्राउ पर्ने डरले अन्ततः उनी आफैँ आएर आत्मसमर्पण गरेको प्रहरीले बताएको छ । जिल्ला अदालत धनुषाले उनलाई हिरासतमा राखेर अनुसन्धान गर्न पाँच दिनको समय दिएको धनुषाका एसपी रुगमबहादुर कुँवरले जानकारी दिए ।

साहमाथि जाहेरी दर्ता भएपछि उनी आवद्ध जनमत पार्टीले केन्द्रीय सचिव पदबाट समेत निलम्बन गरेको थियो । अनुसन्धान प्रक्रिया नसकिन्जेल र निर्दोष सावित नभएसम्मका लागि भन्दै पार्टीको अनुशासन आयोगले कारबाहीस्वरुप निलम्बन गरेको थियो ।

# बिच्छाको निलम्बन कार्यान्वयन नगर्न आदेश

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सर्वोच्च अदालतले मधेश प्रदेशसभा सदस्य कञ्चन बिच्छालाई पदबाट हटाउने निर्णय कार्यान्वयन नगर्न आदेश दिएको छ ।

सर्वोच्चका न्यायाधीश बालकृष्ण ढकालको इजलासले बिच्छालाई प्रदेशसभा सदस्यको हैसियतले नियमित कार्य गर्नबाट वञ्चित नगर्नु भनी अन्तरिम आदेश दिएको हो ।



सर्वोच्चले उनलाई पदबाट हटाउनु पर्ने भनी राप्रपाले मधेश प्रदेशसभामा पेश गरेको पत्र कार्यान्वयन नगर्न–नगराउन भनी आदेश समेत दिएको छ ।

सर्वोच्च अदालतले उनले पद त्याग नगरेको अनि उनलाई गरिएको अनुशासनको कारबाही कानून अनुकूल रहे–नरहेको भन्नेबारे पछि परीक्षण हुने भन्दै अहिलेलाई पदमुक्त गर्न नमिल्ने आदेश गरेको हो ।

# जसपा नेपाल धनुषा–२ मा यादव सर्वसम्मत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालले धनुषा निर्वाचन क्षेत्र नं. २ को क्षेत्रीय अध्यक्षमा दिपिन देव यादवलाई सर्वसम्मत चयन गरेको छ । औरही गाउँपालिका–२, औरहीमा बसेको पार्टीको विस्तारित बैठकले लामो समयदेखि क्षेत्रीय नेतृत्व रिक्त रहेको समयमा यादवलाई निर्विरोध रूपमा अध्यक्ष पदको जिम्मेबारी दिपिनदेवलाई दिइएको हो ।
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई ध्यानमा राख्दै पार्टीले संगठन सुदृढिकरण र तयारी तीव्र पारेको छ । सोही तयारीस्वरुप जनकनन्दिनी गाउँपालिकाका अध्यक्ष यादवलाई कार्यकुशलता र सक्रियताका आधारमा नेतृत्व चयन गरिएको जसपा नेपाल धनुषाले जनाएको छ ।
पालिकास्तरबाट राजनीति सुरु गरेका यादव क्रमशः पार्टीभित्र प्रभावशाली भूमिकामा स्थापित हुँदै आएका छन् । क्षेत्रीय अध्यक्ष बनेपछि उनले आफ्नो समर्थनमा उभिएका राजनीतिक अगुवा, कार्यकर्ता, सहयोगी तथा शुभेच्छुकप्रति धन्यवाद व्यक्त गर्दै जिम्मेवारीलाई इमानदारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# जानकारी मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गर्न छलफल

**मधेशदृष्टि**
**जनकुपुरधाम ।**
जानकी मन्दिरलाई विश्व सम्पदासूचीमा समावेश गराउन युनेस्कोको टोलीसँग छलफल भएको छ । जनकपुरको गौरवको रुपमा रहेको ऐतिहासिक ता पौराणिकस्थल जनकपुरलाई विश्वसम्पदा सूचीमा समावेश गराउनका लागि जानकारी मन्दिरका महन्त रामरोशन दास वैष्णव र युनेस्को टोलीबीच छलफल भएको हो । बृहत्तर जनकपुर क्षेत्र विकास परिषदको समेत संलग्नतामा जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गराउनका लागि विभिन्न चरणमा छलफल भइरहेको छ । युनेस्कोको टोलीले यस विषयमा सकारात्मक जबाफ दिएको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहले बताए । समग्र जनकपुरको नभई देशकै शानको रुपमा रहेको यस मन्दिरलाई विश्वसम्पदा सूचीमा समावेश गर्न सके विश्वमाझ जनकपुरलाई अझ चम्काउन सकिने विश्वास साहले लिएका छन् ।
छलफलका क्रममा युनेस्कोको टोलीले मन्दिरको ऐतिहासिक महत्व, वास्तुशिल्प, मौलिकता, संरक्षणको वर्तमान अवस्था तथा भविष्यमुखी योजनाबारे जानकारी लिने काम भएको थियो । यस्तै, युनेस्को टोलीले सम्पदाको दिगो संरक्षण सुनिश्चित गर्न आवश्यक पूर्वाधार, व्यवस्थापन प्रणाली, सरसफाइ, पर्यटक व्यवस्थापनलगायतका विषयमा प्रत्यक्ष अवलोकन गरेको थियो ।
भेटका क्रममा उत्तराधिकारी महन्त दासले युनेस्को टोलीसँगको छलफललाई ऐतिहासिक माइलस्टोनका रूपमा व्याख्या गर्दै जानकी मन्दिर केवल धार्मिक केन्द्र मात्र नभई मिथिला संस्कृतिको जीवित सभ्यता भएको समेत बताए । ‘जानकी मन्दिरको मौलिकता, वास्तुकला र आस्थालाई अन्तर्राष्ट्रिय मान्यता दिलाउन विश्व सम्पदा सूचीमा सूचीकृत हुनु अत्यन्त आवश्यक छ । यसका लागि हामी संस्थागत तयारी, अभिलेखीकरण, संरक्षण र व्यवस्थापन सुधारका सबै पहलमा प्रतिबद्ध छौँ,’ दासले भने ।
जनकपुरको टोलीसँग छलफल गरेपछि युनेस्को टोलीले आवश्यक कागजात, ऐतिहासिक प्रमाण, संरक्षणको योजना र भौतिक अवस्थाको थप अध्ययनपछि अन्तिम प्रतिवेदन तयार पार्ने जनाएको छ ।

# सार्वजनिक जग्गा व्यक्तिहरुको कब्जामा, महानगर मौन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१९ स्थित बिन्दबासिनी चोकमा रहेको पूर्व पञ्चायतकालीन सार्वजनिक जग्गा लामो समयदेखि अवैध रूपमा कब्जा गरिएको पाइएको छ ।
वडा नम्बर १९ को कित्ता नम्बर ८२ मा अवस्थित ऐलानी जग्गामा निर्माण गरिएका सटर भाडा नतिरी विभिन्न व्यक्तिले व्यवसाय सञ्चालन गरिरहेका छन् ।
यस स्थानमा ललन साह कानुले बिन्दबासिनी अनमोल मिष्ठान्न भण्डार सञ्चालन गर्दै आएका छन् भने अर्को सटरमा अमित यादवले आरके रिचार्ज सेन्टर चलाइरहेका छन् । त्यस्तै, दुई वटा सटरमा अस्थायी प्रहरी पोस्ट बिन्दबासिनी सञ्चालनमा छ भने एउटा सटर खाली अवस्थामा छ । जग्गा करिब ७ कठ्ठा क्षेत्रफलमा फैलिएको छ ।
यस विषयमा बिन्दबासिनी माई युवा क्लबका अध्यक्ष सोनु कुमार गुप्ताले सार्वजनिक सम्पत्तिमा केही व्यक्तिले अवैध रूपमा कब्जा जमाएको भन्दै कडा आपत्ति जनाएका छन् ।
अर्कोतर्फ वडा नम्बर १९ को कार्यालय बिन्दबासिनी चोक नजिकै मासिक २५ हजार रुपैयाँ भाडा तिरेर सञ्चालन भइरहेको छ ।
वर्षेनी लाखौँ रुपैयाँ भाडामा खर्चिनुभन्दा सोही ऐलानी जग्गामा रहेको भवनलाई वडा कार्यालयको रुपमा प्रयोग गर्नुपर्ने स्थानीयको माग छ । यस विषयमा वीरगंज महानगरपालिकाको राजस्व व्यवस्थापन महाशाखाका प्रमुख मनोज कुमार कर्णले जग्गा तथा सटरको उपयोगको लागि अहिलेसम्म कुनै पनि टेन्डर प्रक्रिया आह्वान नगरेको स्पष्ट पारे ।

# सडक कालोपत्रको माग गर्दै सिन्धुलीमा ‘जुनार महोत्सव’

**सिन्धुली ।**
जुनारको राजधानीका रुपमा चिनिएको सिन्धुलीको गोलन्जोर गाउँपालिका–४ माझकुभिण्डेमा मंगलवार देखि तीनदिने जुनार महोत्सव सुरु भएको छ । बागमती प्रदेशका कृषि तथा पशुपन्छीमन्त्री मधुसुदन पौडेल, उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री बिन्दु श्रेष्ठलगायतका जनप्रनिधिले संयुक्त रुपमा महोत्सवको उद्घाटन गरे । राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा जुनारको प्रचारप्रसार र पक्की सडक निर्माणको आवश्यकतालाई ध्यानाकर्षण गराउन महोत्सव आयोजना गरिएको हो । महोत्सवमा किसानहरुले जुनारबाट निर्मित जुस, स्क्वास, जाम, जेली, क्याण्डीलगायतका खाद्यवस्तु प्रदर्शनी तथा बिक्रीमा राखिएको छ । तीन दिनसम्म सञ्चालन हुने महोत्सवका अवसरमा कृषक र विज्ञबीच बगैँचामा जुनार प्रवद्र्धनसम्बन्धी छलफल हुनेछ । उद्घाटन सत्रमा सहभागी जनप्रतिनिधिले किसानका समस्या समाधानमा गम्भीर बन्नुपर्नेमा जोड दिएका छन् । नेपालको पहिचानको रुपमा उत्पादन भइरहेको जुनारको बजारसम्म पहुँच विस्तार गर्न केन्द्रीय सरकारसँग उनीहरुको आग्रह छ । गोलञ्जोर गाउँपालिकाको महाभारत क्षेत्र अहिले जुनार–सुन्तलाले पहेँलपुर छ । किसानले जुनार र सुन्तलालाई मुख्य बालीकारुपमा लगाएपछि त्यस क्षेत्रका बगैँचा जुनार–सुन्तलाले ढाकेका हुन् ।
परम्परागत बाली धान, मकै, कोदो, गहुँ र आलुको तुलनामा १० गुणा बढीसम्म आम्दानी भएपछि जुनार खेती सबै किसानको रोजाइमा छ । किसानको उत्पादनको प्रचारप्रसार र विश्व बजारसम्म पहुँच विस्तार गर्न स्थानीय सरकारले पछिल्ला वर्ष ‘जुनार महोत्सव’ गर्दै आएका छन् । यसवर्ष जिल्लाको पहिचान र गोलञ्जोरको गौरवका रुपमा रहेको जुनारको प्रचारप्रसार तथा व्यवस्थित कृषि सडकको आवश्यकताबारे प्रदेश र केन्द्र सरकारलाई ध्यानाकर्षण गराउन महोत्सव आयोजना गरिएको गोलन्जोर गाउँपालिकाका अध्यक्ष शङ्करराज बरालले बताए । उनले भने, ‘जुनारको प्रवद्र्धन, क्षेत्र विस्तार, बजारीकरण, गुणस्तर तथा देश विदेशमा प्रचारप्रसार पु¥याउने यस वर्षको महोत्सवको उद्देश्य हो ।’
जुनार उत्पादन क्षेत्रमा व्यवस्थित सडक नहुँदा बजारसम्म लैजाने क्रममा छिट्टै कुहिएर नष्ट हुने किसानको गुनासो छ । गोलन्जोर क्षेत्रलाई सरकारले जुनार खेतीको ‘सुपर जोन’ घोषणा गरिसकेको छ । सरकारी आँकडाअनुसार यहाँबाट गत आर्थिक वर्ष २०८१÷८२ मा करिब ३४ करोड रुपैयाँ को जुनार बिक्री भएको छ । किसानले आफ्नै घर आँगनको बगैँचामा प्रतिकिलो ५० देखि ६० रुपैयाँ सम्ममा बिक्री गर्दै आएको जुनार बजरमा प्रतिकिलो ८० देखि १०० रुपैयाँ मा उपभोक्ताले खरिद गर्दै आएका छन् ।
गोलञ्जोर गाउँपालिकाको कृषि विकास शाखा कार्यालयका प्रमुख चन्द्रकान्त चौधरीका अनुसार सो पालिकाबाट अघिल्लो आर्थिक वर्षमा यस पालिकाबाट ३४ करोड १९ लाख ९० हजार रुपैयाँ बराबरको जुनार बिक्री भएको छ । जिल्लाबाट समग्रमा ३६ करोड ६४ लाख १० हजारको कारोबार भएको देखिन्छ ।
जिल्ला जुनार सहकारी सङ्घले भने सरकारी तथ्याङ्क भन्दा दोब्बर अर्थात करिब ७५ करोड रुपैयाँ मूल्य बराबरको वार्षिक कारोबार हुने जनाएको छ । सिन्धुलीमा जुनार खेती निकै पहिलेदेखि हुँदै आइरहेको छ । जिल्लाभरमा एक हजार १०० हेक्टरमा जुनार खेती छ । व्यावसायिक जुनार खेती ७५० हेक्टर क्षेत्रफलमा छ । हावापानीका हिसाबले गोलञ्जोरका सात वटै वडामा जुनार उत्पादन हुन्छ । गोलञ्जोरमा मात्रै पनि एक हजार हेक्टरमा जुनार छ । व्यावसायिक खेती भने करिब ७०० हेक्टरमा भइरहेको कृषि विकास कार्यालयको तथ्याङ्क छ ।
सिन्धुलीका जुनार काठमाडौँ, पोखरा, हेटौँडा, जनकपुर, सिरहा, पाँचथर, नारायणगढ, विराटनगर, झापा मात्र नभई सीमा क्षेत्रका भारतीय बजारसम्म पुग्ने गरेको छ । ‘सुपरजोन’ कार्यालयमार्फत जुनार÷सुन्तला किसानले तालिम, नर्सरी सुधार, सिँचाइ, बगैँचा विस्तार, यान्त्रीकरणका लागि सहयोग पाइरहेका छन् ।
गाउँपालिकाका उपाध्यक्ष ज्वालाप्रसाद न्यौपानेले बाटो र बजारीकरण मुख्य समस्याका रुपमा रहेको बताए । ‘कृषि सडक कालोपत्र गर्न प्रदेश र सङ्घीय सरकारले सहयोग गर्दैन, पालिकाको बजेटबाट सम्भव भएन । सडकलाई नै केन्द्रित गर्ने गरी प्रचारप्रसार गर्ने महोत्सवको लक्ष्य हो’, उनले भने ।

**उपाध्यक्ष न्यौपानेले स्थानीय धापचौकीदेखि**

बाहुनतिल्पुङसम्मको महाभारत क्षेत्रको कृषि सडक करिडोरलाई कालोपत्रे गर्न सहयोगको अपेक्षा गरिएको बताए । सिन्धुलीको महाभारत क्षेत्रका युवालाई जुनार÷सुन्तला खेतीले केही हदसम्म रोजगारी प्रदान गरेको छ । एक जना किसानको बगैँचामा एक हजार ७०० सम्म जुनारका बोट छन् । एउटा बोटबाट अधिकतम् रु २१ हजारसम्मको फल बिक्री भएको तथ्याङ्क छ ।
पछिल्लो समय टाढा–टाढाबाट जुनार÷सुन्तला खेती हेर्न र यससम्बन्धी अध्ययन गर्ने आउनेको सङ्ख्या बढेसँगै ग्रामीण पर्यटन प्रवद्र्धनको सम्भावनासमेत बढेको छ । गोलञ्जोरमा उत्पादन भएका जुनारका कारण फलफूल व्यापारी र अन्य व्यवसायीको आर्थिक उन्नति देखिएको छ ।
जुनार गुणस्तरका हिसाबले टिप्ने मौसम मङ्सिर–पुस भए पनि कात्तिकदेखि फागुनसम्म बोटमा रहने फल हो । पछिल्लो समय जलवायु परिवर्तनको असरका कारण विगतमा कम उचाइमा फल्ने यो फलले अग्गो ठाँउतिर सर्दै गएको छ ।रासस

श्री महाप्रबन्धक ज्यू,
**नेपाल राष्ट्रिय वाणिज्य बैंक लि.,**
**शाखा कार्यालय, जनकपुरधाम**

**सार्वजनिक सूचना**

**विषय : प्रतिलिपि उपलब्ध गराई दिने सम्बन्धमा ।**

RD016821701NP
RD015214665NP
RD015579144NP
RD111799037N
RD800748798N
RD690882014N
RI128140629NP
RD797554463NP
791084228
RD786930296NP
RD127183866NP
RD786273895NP

**देव शरण साह**
ज.उ.म.न.पा. वडा नं. १८
९८१७६३४३७८

# देशभरका भन्सार...

गराउँदा मागलाई बेवास्ता गरिएको गुनासो गरे । थैवले जारी गरेको विज्ञप्तिमा सरकारले उत्पन्न परिस्थितिलाई समयमै समाधान गर्न पहल कदमी लिने अपेक्षा गरिएको जनाइएको छ ।
सरकारले उठाएका मागलाई तत्काल सम्बोधन नगरे, आन्दोलनका थप कार्यक्रम सार्वजनिक गरिने महासङ्घको भनाइ छ । भन्सारसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन, २०८२ को प्रावधानप्रति असन्तुष्टि जनाउँदै भैरहवा भन्सार कार्यालयमा कार्यरत भन्सार एजेन्टका कर्मचारी सोमबारदेखि नै आन्दोलित छन् । आन्दोलनको कारण दैनिक ३३ करोड रुपैयाँ राजस्व उठाउने दबाबमा रहेको भैरहवा भन्सार कार्यालयको राजस्व असुली प्रभावित बनेको छ । विद्युतीय माध्यमबाट विवरण घोषणा गर्दा प्राविधिक कारण वा मानवीय भूलबाट कागजात फरक पर्न सक्छ। सानो त्रुटिलाई जालसाजी वा बदनियत पूर्ण कार्य मानेर ठूलो जरिवाना लगाउनु अन्यायपूर्ण रहेको भन्सार एजेन्टको भनाइ छ ।
बदनियत पूर्ण ढङ्गले गरिने त्रुटि र साधारण त्रुटिबीच स्पष्ट विभेद गरिनुपर्ने उनीहरुको माग छ। ‘जानाजान राजस्व छल्ने उद्देश्यले गरिएको कार्यमा मात्र कडा कारबाही हुनुपर्छ, असावधानीले हुने त्रुटिमा ठूलो सजाय उचित होइन,’ महासङ्घका अध्यक्ष थैवले भने ।

# अरुण नदीमा रहेको अवैध क्रसर उद्योग सञ्चालनमा रोक



**भोजपुर ।**
भोजपुरको अरुण गाउँपालिका–६ लेगुवाघाटमा अवैध रूपमा सञ्चालन हुँदै आएको क्रसर उद्योग सञ्चालनमा रोक लगाइएको छ । कुनै पनि कानुनी प्रक्रिया पूरा नगरी विगत लामो समयदेखि चल्दै आएको उक्त उद्योग जिल्ला अनुगमन समितिले स्थलगत अनुगमनपछि बन्द गराएको हो । स्थलगत अनुगमनका क्रममा यो क्रसरले अवैध रुपमा प्राकृतिक स्रोतको दोहन गरेको पाइएपछि सञ्चालनमा रोक लगाइएको जिल्ला समन्वय समिति प्रमुख कमल थुलुङले जानकारी दिए । अन्य क्रसर उद्योगहरु अनुगमन भइरहेको उनको भनाइ छ ।
‘हामीले जिल्ला सञ्चालनमा रहेका क्रसर उद्योगको अनुगमन गरिरहेका छौँ’, प्रमुख थुलुङले भने, ‘कानुन विपरीत रहेका क्रसर उद्योगलाई कानुनी दायरामा ल्याउन बन्द गराउँदै आएका छौँ । अनुगमनका क्रममा अवैध रुपमा सञ्चालनमा रहेको पाइएपछि लेगुवाघाटमा रहेको क्रसर उद्योगलाई बन्द गराएका छौँ ।’ यो क्रसर उद्योगले अनधिकृत रुपमा नदी जन्यपदार्थ उन्खनन् गरेको पाइएको प्रमुख थुलुङले जानकारी दिए । आवश्यक कानुनी प्रक्रिया पूरा नगरेसम्म सञ्चालनको लागि रोक लगाइएको उनको भनाइ छ । अवैध रुपमा चलिरहेको उक्त क्रसर उद्योग सञ्चालनमा रोक लगाएपछि विभिन्न व्यक्ति तथा समूहले सञ्चालनको लागि दबाब दिइरहेको उनले बताए ।
‘राज्यको सम्पत्ति दोहन गर्न पाइँदैन’, उनले भने, ‘सबै क्रसर उद्योगलाई कानुनी दायरामा ल्याउनको लागि आवश्यक कदम अघि बढाएका छौँ ।’ जिल्ला अनुगमन समितिले नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा उन्खनन् बिक्री तथा व्यवस्थापन मापदण्ड २०७७ विपरीत सञ्चालनमा रहेको जनाएको छ । पक्की पुलबाट ५०० मिटर, सडक मार्ग, खोला किनाराबाट २०० मिटर र हाइटेन्सन लाइनभन्दा १०० मिटर टाढाको दुरीमा क्रसर सञ्चालन गर्नुपर्ने कानुनी प्रावधन रहेपनिछ यो उद्योगले कुनै पनि प्रक्रिया पूरा नगरेको अनुगमन समिमिले जनाएको छ ।
हाल यो क्रसर यो उद्योग लेगुवा–भोजपुर राजमार्गको पक्की पुलदेखि करिब ३०० मिटर उत्तर, अरुण नदी किनाराबाट ६० मिटरको दुरीमा सञ्चालनमा रहेको छ । बस्तीभन्दा ५०० मिटरभित्र भए बन्द गर्नुपर्ने प्रावधान रहेको छ । क्रसर भोजपुरको लेगुवा बजार र धनकुटाको राम बजारबाट ३५० मिटरभित्र रहेको समितिको ठहर छ ।
मध्यपहाडी राजमार्गको लेगुवास्थित अरुण नदी किनारामा विसं २०७२ को माघ महिनादेखि अवैध रुपमा क्रसर उद्योग सञ्चालनमा छ ।रासस



उपमेयरको मन्तव्यः लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत रौतहटको चन्द्रपुर–६, चन्द्रनिगाहपुरको चन्द्रपुर एकेडेमीले गरेको कार्यक्रममा नगर उपप्रमुख जयमाला चौधरी मन्तव्य राख्दै । तस्बिरः रासस

# उखुको मूल्य निर्धारणमा चित्त बुझाउँदै किसान

**महोत्तरी ।**
सरकारले सोमबार उखुको मूल्य र अनुदान रकम निर्धारण गरेको छ । तर महोत्तरीका उखु किसानले भने सरकारले आपूmहरुको मागअनुसार मूल्य नतोके पनि गत वर्षभन्दा केही बढाएको उल्लेख गर्दै चित्त बुझाएका छन् ।

'हाम्रो त खेतीमा बढ्दो लागत र आम उपभोग्य वस्तुमा भएको मूल्यवृद्धि हेरेर प्रतिक्विन्टल ७ सय ५० रुपैयाँ पाउनुपर्छ भन्ने थियो । तर सरकारले मूल्य र अनुदान निर्धारणमा ६ सय ९० रुपैयाँ मात्रै निर्धारण गरिदियो,' उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहाले भने । उनका अनुसार मूल्य र अनुदानसमेत गर्दा गत वर्षभन्दा प्रतिक्विन्टल ७० रुपैयाँले बढेको छ । सरकारले सोमबार चिनी उद्योगले दिने मूल्य प्रतिक्विन्टल ६ सय २० रुपैयाँ र सरकारले दिने अनुदान ७० रुपैयाँ गरी जम्मा प्रतिक्विन्टल ६ सय ९० रुपैयाँ निर्धारण गरेको छ ।

यतिबेला खुट्टी उखु (दोस्रो वर्षको बाली) चाँडै काटेर अन्य फसल समयमै लगाउन पर्ने दबाबले किसान अब चाँडै उद्योग सञ्चालन पर्खेर बसेका छन् । 'अहिले हामीसँग मूल्यमा चित्त दुखाएर सरकारसँग निहुँ खोज्ने समय छैन, अब खुट्टी उखु काट्न ढिलाइ भए खेतबारी छ महिना बाँझै बस्ने चिन्ता छ,' भङ्गाहा–४ का किसान अरुण गिरी भन्छन्, 'अब चाँडै उद्योग सञ्चालन होस् भन्ने हतारो छ ।' एकपटक लगाएर दुई वर्ष बाली लिन पाइने उखुको पहिलो वर्षको फसललाई 'मुडन' र दोस्रो वर्षको लाई 'खुट्टी' भनिन्छ । खुट्टी उखु काटेर पुस तेस्रो साताभित्र अन्य बाली लगाइ सक्नुपर्ने समयको दबाबमा अहिले आपूm हरु रहेको गिरीको भनाइ छ ।

पुस तेस्रो साताभित्र अर्को बाली नलागे असारसम्म पर्खन पर्ने किसानको भनाइ छ । 'अहिले बाली लगाउन नपाए खेतबारी रुखिन्छ, अनि जेठ–असारमा पर्ने पानी पर्खन पर्ने हुन्छ,' बर्दिवास–९ पशुपनिगरका किसान रामविनोद महतोले भने, 'यसैले अहिले खुट्टी उखु काट्ने हतारो परेको हो ।'

उखु किसान र यिनका प्रतिनिधिसंस्था उखु उत्पादक कृषक सङ्घ, उखु उत्पादक किसान महासङ्घले प्रत्येक वर्ष उखुको मूल्य निर्धारण कात्तिक मसान्तभित्र गरीसक्नुपर्ने र मङ्सिर दोस्रो साताभित्रै खुट्टी उखुको क्रसिङ खोल्नुपर्ने माग राख्दै आएका छन् । सरकारले सधैँजसो किसानलाई मूल्य मान्न बाध्य हुने बेला पारेर मूल्य निर्धारण गर्ने गरेको बर्दिवास–१२ बिजलपुराका किसान विश्वनाथ सिंह बताउँछन् ।

'सरकारले यसपाली उखुको मूल्य प्रतिक्विन्टल ३५ रुपैयाँ बढ्यो । अनुदान ७० दिने घोषणा ग¥यो,' उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष कुशवाहा भन्छन्, 'गत वर्षभन्दा यो निकै राम्रो हो ।' गतवर्ष उखुको मूल्य ५ सय ८५ रुपैयाँ प्रतिक्विन्टल र अनुदान सरकारले ३५ रुपैयाँ मात्र दिएको थियो ।

जिल्लाको गौशाला–१ रामनगरस्थित एभरेष्ट सुगर ऐण्ड केमिकल इण्डष्ट्रिज अझै सञ्चालनको सुरसारमा नहुँदा खुट्टी उखु काट्ने बेला घर्किन लागेको किसानको चिन्ता छ । उद्योगले अब मूल्य निर्धारणको पाटो टुङ्गिएको हुँदा चाँडै क्रसिङ थाल्ने तयारी गरिएको जनाएको छ । यसपालि क्रसिङ खोल्नुअघिको डोला पूजा (उपकरण पूजा) यही मङ्सिरभित्रै सम्पन्न गरेर पुस पहिलो साता क्रसिङ खोल्ने तयारी रहेको उद्योगले जनाएको छ । गत वर्ष मङ्सिर २६ गते नै उखु क्रसिङ थालेको उद्योगले यसपालि भने ढिलो गरेको छ ।

जिल्लामा यसपालि नौ हजार ६ सय बिघामा उखुखेती गरिएको छ । जसमध्ये पाँच हजार बिघाको खुट्टी र चार हजार ६ सय बिघाको मुडन रहेको उखु उत्पादक कृषक सङ्घका जिल्ला अध्यक्ष कुशवाहा बताउँछन् । यसैबीच लामो समयदेखि रोकिएको किसानको दूधको रकम भुक्तानी भएको छ । दुग्ध विकास संस्थान (डिडिसी) र निजी डेरी उद्योगले दुध खरिद गरेको बाँकी रहेको करिब चार अर्ब रुपैयाँ भुक्तानी गरेका हुन् । डेढ अर्ब भुक्तानी गर्न बाँकी रहेको डिडिसीले एक अर्ब रुपैयाँ भुक्तानी गरिसकेको जनाएको छ । त्यस्तै निजी डेरीले करिब तीन अर्ब रुपैयाँ भुक्तानी गरेका छन् । दुध बेचेको रकम लामो समयसम्म नपाउँदा किसान मारमा परेका थिए । डिडिसीका सूचना अधिकारी नीलकण्ठ गौतमले साउनसम्मको रकम भुक्तानी गरिसकेको जानकारी दिनुभयो । तीन महिनाको ४५ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको उनले जानकारी दिए ।

# पालिकामा अव्यवस्था अन्त्य माग गर्दै ज्ञापन



**मधेशदृष्टि**
**रौतहट ।**
बौधीमाई नगरपालिकामा सेवा प्रवाहमा भइरहेको अव्यवस्था, कर्मचारीको लापरवाही र जनताप्रति गैरजिम्मेवार व्यवहारका कारण जेन्जी २.० ले मंगलबार नगरपालिका प्रमुखलाई ज्ञापन–पत्र बुझाउँदै तत्काल सुधारको माग गरेको छ । रौतहट जिल्लाका संयोजक सोनु कुशवाहा सहितको टोलीले बुझाइएको ज्ञापन–पत्रमा नगरपालिकामा जनताले दैनिक रूपमा भोगिरहनुपरेका समस्याहरू गम्भीर रूपमा अघि सारिएको छ । सेवाग्राहीले घण्टौँ प्रतीक्षा गर्दा पनि कर्मचारीहरू कार्यालयमा समयमै उपस्थित नहुने, काममा ढिलाइ गर्ने र जिम्मेवारी नलिने घटनाले जनतामा तीव्र असन्तुष्टि बढेको उनीहरूको भनाइ छ । जेन्जी २.० ले राखेका प्रमुख मागहरू बायोमेट्रिक–डिजिटल हाजिरी प्रणाली कडाइका साथ लागू गर्ने र ढिलाइ–हाजिरीमा स्पष्ट कारबाही गर्ने,कार्यालय समय पूर्ण रूपमा नगरपालिका परिसरमै बस्ने कडा निर्देशन जारी गर्ने अनधिकृत होर्डिङ बोर्ड नियन्त्रण तथा व्यवस्थापन रहेका छन् ।

त्यस्तै छाडा पशु व्यवस्थापनमा नगरपालिकाले तत्काल कदम चाल्ने, शिक्षामा निःशुल्क र न्यायपूर्ण पहुँच सुनिश्चित गर्न निजी तथा सार्वजनिक विद्यालयमा कानुनअनुसार छात्रवृत्ति वितरण र शुल्क व्यवस्थापनमा कडाइ,नगरक्षेत्रका स्वास्थ्य चौकी र अस्पतालहरूमा सुधार–सरसफाइ, औषधि सामग्री, चिकित्सकीय उपकरण, स्वास्थ्यकर्मीको उपस्थिती, फोहोर व्यवस्थापनदेखि विश्रामकक्ष, शौचालय र पिउने पानीको गुणस्तरसहित सेवा सुधार गर्न माग रहेका छन् ।

ज्ञापन–पत्रमा महिलाहरू, बालबालिका, वृद्धवृद्धा लगायत सबैका लागि सजिलो र सम्मानजनक सेवा सुनिश्चित गर्न विशेष ध्यान दिन आग्रह गरिएको छ । साथै, सेवा सुधारका लागि जनगुनासो सुन्ने प्रभावकारी प्रणाली अविलम्ब सञ्चालन गर्न पनि माग गरिएको छ ।

स्थानीय तहप्रति विश्वास पुनःस्थापित गर्न माग

ज्ञापन–पत्रमा नगरपालिका प्रणालीमा देखिएको अनियमितताले जनताको विश्वास कमजोर बनाएको भन्दै लेखिएको छ, 'कर्मचारीको अनुशासन, हाजिरी, सेवा प्रवाह र कार्यालय व्यवस्थापनमा तत्काल सुधार अनिवार्य छ ।' उनीहरूले नगरपालिकाले यस विषयलाई गम्भीरतापूर्वक लिएर आवश्यक कदम चाल्ने अपेक्षा व्यक्त गरेका छन् ।

# खोलियो फतुवा विजयपुरको ताला

**मधेशदृष्टि**
**रौतहट ।**
करारका कर्मचारीको म्याद थप नगर्ने निर्णय भएसँगै नगरपालिकामा ताला लगाएर आन्दोलनमा उत्रिएका कर्मचारीहरुको माग सम्बोधन भएपछि ताला खोलिएको छ ।

फतुवा विजयपुर नगरपालिकामा २५ दिनदेखि लागेको ताला आइतबार खोलिएको हो । नगरपालिका कार्यालयमा कार्यरत करार कर्मचारीको २०८३ असार महिनासम्मको म्याद थप गर्ने सहमति भएसँगै तालाबन्दी खुलेको नगरपालिकाका लेखा अधिकृत कामेश्वर सहनीले जानकारी गराए ।

नगरपालिकामा कार्यरत करिव ८५ जना करार कर्मचारीको म्याद २०८२ कात्तिकदेखि थप नगर्ने निर्णय भएसँगै कात्तिक २६ गतेदेखि नगरपालिकामा अनिश्चितकालीन तालाबन्दी गरिएको थियो । लेखा अधिकृत सहनीले तालाबन्दी अन्त्य गर्दै कार्यालय सुचारु गर्न करार कर्मचारी र कार्यपालिकासँग समन्वय गर्दै आएका थिए । नगरपालिकाका कार्यवाहक नगरप्रमुख अम्बेया खातुनले कार्यरत करार कर्मचारीलाई हटाएर आवस्यकता अनुसार नयाँ कर्मचारी भर्ना गर्न लागेको भन्दै आन्दोलनले उग्ररुप लिँदै आएको थियो ।



आन्दोलन नरोकिएपछि आन्तरिक आयबाट तलब भत्ता खुवाउन कार्यबाहक नगरप्रमुख खातुनले सहमति जनाए पनि नगरपालिकाको आन्तरिक आय न्यून रहेको भन्दै लेखा अधिकृत सहनीले कुनै पनि बहानामा काम गर्ने कर्मचारीको तलब नरोकिनुपर्ने अडान लिएपछि राजस्व बाँडफाँटबाट तलब भत्ता खुवाउने सहमति भएको छ ।

यो सहमतिसँगै आइतबारदेखि कार्यालय सुचारु भएको छ भने निमित प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालेका शिक्षा प्रशासन समूह अधिकृत दशौँ मदनकुमार थापाले कार्यभार सम्हालेका छन् । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले थापालाई गएको मङ्सिर ९ गते आर्थिक तथा प्रशासनिक जिम्मेवारीसहित निमित्त प्रमुख प्रशासकीय अधिकृत तोके पनि जारी तालाबन्दीको कारण पदभार ग्रहण गर्न सकेका थिएनन् ।

# राස्वपाबाट पन्त उम्मेदवार बन्नसक्ने


**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पर्सा–१ बाट जिल्ला सभापति हरि पन्तलाई उम्मेदवार बनाउने प्रबल सम्भावना देखिएको छ ।

पार्टीभित्र स्वच्छ छवि र प्रभावशाली संगठन क्षमताका कारण पन्त प्राथमिकतामा छन् । यद्यपि पर्सा–२, ३ र ४ मा आकांक्षी धेरै रहेका कारण पार्टीले अहिलेसम्म त्यहाँका सम्भावित उम्मेदवारहरूको नाम सार्वजनिक गरेको छैन ।

उम्मेदवारीबारे पन्तले भने, 'रास्वपाको उम्मेदवार छनोट विधि अन्य पार्टीभन्दा भिन्न भएकाले अहिले निर्णायक रूपमा केही भन्न सक्दिनँ । तर, पार्टीले अपनाउने प्रक्रिया अनुसार म जहाँबाट भए पनि चुनावमा लड्न तयार छु ।'

# मतदान केन्द्रहरूको स्थलगत अनुगमन जारी

**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि धनुषामा रहेका विभिन्न मतदान केन्द्रहरूको स्थलगत अनुगमन गर्ने काम भइरहेको छ ।



निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण तथा सहज तरिकाले सम्पन्न गर्नका लागि मतदान केन्द्रहरूको भौतिक अवस्था, मतदाताका लागि आवश्यक रहेको पूर्वाधार तथा सुरक्षाका दृष्टिकोणले आवश्यक भएका अन्य विषयहरूको बारेमा स्थलगत रूपमा अनुगमन गर्ने काम भइरहेको मधेस निर्वाचन कार्यालय जनकपुरधामका कम्प्युटर अधिकृत कृष्ण राउतले जानकारी दिए ।

धनुषा जिल्लामा रहेका विभिन्न मतदान केन्द्रहरूको स्थलको अनुगमन गर्ने काम हुनुका साथै भएका कमी कमजोरीका विषयमा जानकारी लिने र समाधान गर्न सके तत्काल समाधानका लागि प्रयास गर्ने उनले जानकारी दिए । धनुषाका १८ पालिकामा रहेका सबै मतदान केन्द्रहरूको अनुगमन गर्ने काम भइरहेको छ ।

धनुषा जिल्लामा ३ सय २२ मतदान स्थलमा ६ सय ५ मतदान केन्द्र रहेको कार्यालयका शाखा अधिकृत प्रवेश दुलालले जानकारी दिए । सबै मतदान स्थलको स्थलगत अनुगमपछि प्रतिवेदन तयार गरिने कार्यक्रम छ ।

मतदान स्थलको विषयमा कुनै समस्या भएको भए ती विषयमा प्रमुख जिल्ला अधिकारीलाई जानकारी दिने र त्यस विषयमा आवश्यक छलफल हुने निर्वाचन कार्यालयले जनाएको छ । मतदान केन्द्रहरूको अनुगमनको क्रममा केही मतदान केन्द्रमा कम्पाउन्ड वालको अभाव हुनुका साथै अन्य प्रकारका समस्याहरू देखिएको छ ।

यसै गरी मतदाता नामावलीमा नाम समावेश भएकाहरूको त्रुटि वा सच्याउनु पर्ने अन्य विषयहरूमा आयोगले संशोधनको काम गरिरहेको छ । आयोगको कार्यालयहरूमा संशोधनको काम जारी रहेको छ । निर्वाचन मतदाता नामावलीको अद्यावधिक गर्ने काम मंसिर २७ गतेसम्म हुने पनि निर्वाचन कार्यालयले जनाएको छ ।

# निःशुल्क आँखाशिविर र मोतियाविन्दुको शल्यक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।**
पोखरिया नगरपालिका वडा नं ९ सेमरबारी टोलमा लायन्स क्लब वीरगंज परिवार, लायन्स क्लब वीरगंज सेन्ट्रल सिटी र जोन चेयर पर्सन डा लक्ष्मी थापाको सहयोगमा सञ्चालन भएको निःशुल्क आँखा चेक जाँच तथा मोतियाबिन्दु परीक्षण शिविर सम्पन्न भएको छ । स्थानीय नेता एवम् समाजसेवी नेजामुद्दीन शमानी तथा आशा देवीको पहलमा आयोजित स्वास्थ्य शिविरमा तिलगंगा आँखा प्रतिष्ठान र वीरगंज सामुदायिक अस्पतालका विशेषज्ञ चिकित्सकको टोलीद्वारा आँखाको जाँच तथा परामर्श प्रदान गरिएको थियो । जाँचमा ३४ जनामा मोतियाबिन्दु रोग पत्ता लागेको र ती सबैको निःशुल्क शल्यक्रिया गरिने र यो शिविर पोखरिया नगरपालिकाको दश वटै वडामा गरिने परिवारका अध्यक्ष नरोत्तम पाण्डेयले जानकारी गराए ।

# आदर्शनगरमा वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल रेडियोलोजिस्ट एसोसिएसन (एनआरए) पर्सा शाखाले मङ्गलबार पर्सा जिल्लाको आदर्श नगर क्षेत्रमा बृहत् वृक्षारोपण गरेको छ । कार्यक्रमअन्तर्गत जिल्लाभरि कार्यरत सबै रेडियोलोजिस्ट चिकित्सकहरूको सक्रिय सहभागितामा सयौँ फलफूल तथा छायादार बिरुवा रोपिएको थियो । कार्यक्रमको मुख्य उद्देश्य स्थानीय समुदायलाई हरियालीयुक्त, स्वच्छ र स्वास्थ्य–मैत्री वातावरण प्रदान गर्नु रहेको आयोजकहरूले बताएका छन् । पर्यावरण संरक्षण, वायु प्रदूषण न्यूनीकरण र हरियाली विस्तारलाई प्राथमिकतामा राखेर आयोजना गरिएको अभियानले समुदायमा सकारात्मक सन्देश प्रवाह गरेको सहभागीहरूको भनाइ छ ।

सम्पादकीय

# नेकपा एमालेको ११ औँ महाधिवेशन र नेतृत्वको कुरा

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११ औँ महाधिवेशन मंसिर २७ गतेबाट काठमाडौँमा शुरु हुँदैछ । महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओली अध्यक्षमा तेहरिने तयारीमा छन्।

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अध्यक्षमा उम्मेदवारी घोषणा गरेका छन् । पोखरेलका पक्षमा अहिले धेरै पदाधिकारीहरु खुलेका छन् । अध्यक्षबाट ओलीले बिदा लिए हुने र लिन नहुने दुई समूहको महाधिवेशनको पूर्वसन्ध्यामा बहस र अन्तरसम्वाद बाक्लिएका छन् । यही बीचमा को ओलीतिर र को पोखरेलतिर भनेर जिल्लादेखि नै महाधिवेशन प्रतिनिधि चयनका विषयसमेत पेचिला भएका छन् । तर पछिल्लो समय ओलीका पक्षमा खुल्ने क्रम बढी देखिएको छ।

बंगलबार पनि महिला समूहले गरेको अन्तरसम्वादमा उपाध्यक्ष अष्टलक्ष्मी शाक्यसहितका महिला नेताहरुले एमालेको आसन्न महाधिवेशनले मुलुकमा विद्यमान राजनीतिक तथा संवैधानिक सङ्कटको सामना गर्नसक्ने क्षमतावान नेतालाई नेतृत्वमा स्थापित गर्नुपर्ने बताएका थिए । पार्टीको आसन्न ११औँ महाधिवेशनका सन्दर्भमा आयोजित अन्तरसंवाद कार्यक्रममा देशभरका प्रतिनिधिले जेन्जी आन्दोलनको भावनालाई समेटेर नयाँ नेतृत्व चयन गर्नुपर्ने बताइएको थियो । तत्कालीन सरकारले जेन्जी युवाको भावना बुझ्न नसक्दा देशमा उत्पन्न भएको गम्भीर अवस्थालाई दृष्टिगत गरी नयाँ नेतृत्व चयन गर्नुपर्ने बताइएको थियो । यसको सिधासिधा प्रहार अध्यक्षमा ओलीको विकल्प खोज्ने बेला भएको संकेत थियो।

यता, मंगलबार नै प्रेस चौतारी नेपालले मंगलबार काठमाडौँमा गरेको साक्षात्कारमा सचिव लेखराज भट्टले हाले सम्पन्न विधान महाधिवेशनले राष्ट्रका भावी प्रधानमन्त्री तथा पार्टी अध्यक्ष दुवै पदका लागि केपी शर्मा ओलीलाई नै अनुमोदन गरिसकेको तथ्य स्मरण गराउँदै विचार र सिद्धान्तको आधारमा नेतृत्व चयन हुने बताए। देशले भोगेको जेन्जी आन्दोलनको गम्भीर समीक्षा आवश्यक रहेको उनको पिनि टिप्पणी थियो।

अहिलेको चुनौतीपूर्ण परिस्थितिमा जोखिम उठाउन सक्ने, दृढ र स्पष्ट नेतृत्व आवश्यक रहेको उनले दोहोर्‍याए। लिपुलेक, लिम्पियाधुरा र कालापानीको विषयमा अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रहितमा ऐतिहासिक दृढता देखाएकामा उनले प्रशंसा गरे । राष्ट्रिय हितको पक्षमा सशक्त अडान लिन सक्ने नेतृत्व ओली नै भएको उनको तर्क थियो।

# अन्तरिम सरकारले किन उल्ट्याउँदैछ वैधानिक सरकारका निर्णय ?



डा. प्रेम दंगाल

भदौ २३ को जेन्जी प्रदर्शनका नाममा भएको भोलिपल्ट भएको आगजनी, तोडफोड र विध्वंसपछि सुशीला कार्की नेतृत्वमा नयाँ सरकार बन्यो । 'अन्तरिम सरकार' को नाम दिइएको त्यसले एकपछि अर्को गर्दै गैर कानूनी, अनधिकृत र विवादास्पद निर्णय गरिरहेको छ।

विगतका जन निर्वाचित तथा वैधानिक सरकारका निर्णय उल्ट्याउने मात्र होइन, संसदबाट पारित भएको बजेट रोक्का तथा कटौती जस्ता अवैधानिक कार्यमा सरकार उद्धत छ। तसर्थ, नागरिक तहबाट खबरदारी गर्नु, यस्ता अनधिकृत निर्णय सच्याउन, बदर गर्न र भविष्यमा त्यसो नगर्न सचेत गराउनु आवश्यक देखिएको छ।

**बजेट कटौती र रोक्का**

टुक्रे आयोजनाको बजेट कटौतीको नाममा संसदले पारित गरेको बजेट अर्थ मन्त्रालयबाट रोक्का गरी अर्बौँ रुपैयाँका आयोजनाको ठेक्कापट्टा लगाउन र कार्य सम्पन्न भएका आयोजनाको भुक्तानी गर्न नसकिएको बारे निर्माण सम्बन्धी भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास लगायतका मन्त्रालयका उच्च अधिकारीले नै सार्वजनिक रूपमा व्यक्त गरेका छन्।

संसदबाट पारित भएर राष्ट्रपतिले लालमोहरसमेत लगाइसकेको अवस्थामा बजेट कार्यान्वयनमा आएको मानिन्छ। प्रश्न गम्भीर छ कि, त्यस्ता बजेट कटौती गर्ने अधिकार यो सरकारलाई कहाँबाट प्राप्त भयो ?

प्रदेश र स्थानीय तहको अधिकारमाथि हस्तक्षेप

यो सरकार 'संघीय अन्तरिम सरकार' हो। प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रम तलमाथि गर्ने अधिकार यो सरकारलाई संविधानतः अधिकार छैन। तर, मितव्ययिताका नाममा आदेश–निर्देश जारी गरी प्रदेश र स्थानीय तहको संविधान प्रदत्त अधिकारमा हस्तक्षेप गरिएको छ । यस्तो कार्य बन्द र विगतको निर्णय तत्काल सच्याउन जरुरी छ।

**कार्य विभाजन नियमावली संशोधन, विभाग–कार्यालय सार्ने कार्य**

अन्तरिम सरकारले नेपाल सरकारको कार्य विभाजन नियमावली संशोधन गरी राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गृह मन्त्रालयमा र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग तथा राजस्व अनुसन्धान विभागलाई अर्थ मन्त्रालय अन्तर्गत सारेको छ।

राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयमा सार्न विशेष सेवा ऐन संशोधन गर्न राष्ट्रपतिबाट अध्यादेश नै जारी भएको छ।

राजस्व अनुसन्धान विभाग खारेज गर्न अन्तरिम सरकारकै अर्थमन्त्रीको संयोजकत्वमा गठित आर्थिक क्षेत्र सुधार समितिले प्रतिवेदन दिएको अवस्थामा यो सरकारले राजस्व अनुसन्धान विभागलाई अर्थ मन्त्रालय मातहत सारी राजस्व समूहका कर्मचारी समेत खटाएको छ। आर्थिक क्षेत्र सुधार समितिको सिफारिस बमोजिम सो विभाग तत्काल खारेज गरिनु पर्दछ।

**करदाता सेवा कार्यालय खारेजी र राजस्व सम्बन्धी निर्णय**

देशभरका ३९ करदाता सेवा कार्यालय खारेज गरी केही काम स्थानीय तहले गर्ने भनी निर्देशन जारी भएको छ । नेपालको संविधानको अनुसूचीहरूमा आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), भन्सार र अन्तःशुल्क उठाउने र सो सम्बन्धी प्रशासनिक कार्य गर्ने जिम्मेवारी संघीय सरकारको अधिकार क्षेत्रको विषय हो। यो अधिकार संविधानतः स्थानीय सरकार वा कुनै निकायलाई प्रत्यायोजन गर्न मिल्दैन । आवश्यकताका आधारमा स्थापना गरिएका कार्यालय खारेज गर्ने अधिकार यो सरकारलाई छैन। यस्तो गैर संवैधानिक र गैर कानूनी निर्णय तत्काल सच्याइनु–खारेज गरिनु पर्दछ।

राजस्वको पूर्ण परीक्षण (फूल अडिट) नगर्ने निर्देशन जारी भएको प्रकाशमा आएको छ । कर सम्बन्धी कानून बमोजिम कर अधिकृत र राजस्व कार्यालयको अधिकार कटौती गरी कर छलीमा प्रश्रय दिने निर्णय औचित्यपूर्ण छैन । यो निर्णय तत्काल खारेज गरिनुपर्दछ।

**राजदूत फिर्ता र सर्वोच्च अदालतको आदेशको अवज्ञा**

अन्तरिम सरकारले विभिन्न ११ देशका राजदूत फिर्ता गरेको छ। राजदूत फिर्ता विरुद्ध सम्मानित सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएपछि पनि परराष्ट्र मन्त्रालयमा हाजिर गराउने आदेश सरकारले दिएको छ।

राजदूतहरू जन निर्वाचित तथा वैधानिक सरकारको सिफारिस र संघीय संसदको संसदीय सुनुवाइ समितिको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त भएका हुन् । उनीहरूमाथि कुनै प्रकारको अभियोग पनि लगाइएको छैन।

संसदको सिफारिस र राष्ट्रपतिबाट भएको नियुक्ति फिर्ता गर्नु अवैधानिक मात्र होइन, राष्ट्रपतिको मर्यादामाथि समेत आँच आउने काम भएको छ । सम्मानित सर्वोच्च अदालतको आदेश विपरीत फिर्ता भएका राजदूतलाई तत्काल यथास्थानमा कामकाज गर्न खटाइयोस्।

यी राजदूतहरू ओहोरदोहोर गर्दा लागेको अनावश्यक अतिरिक्त खर्चको जिम्मेवारी यो सरकारका निर्णयकर्ताले व्यक्तिगत रूपमा व्यहोर्नुपर्दछ।

**भूमि सम्बन्धी आयोग र समिति खारेजी**

देशभरका करिब १० लाख घरपरिवार भूमिहीन, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासमा रहेका नागरिकको लगत संकलन गरी तीनको विश्लेषण गरी जग्गा धनी प्रमाण पुर्जा वितरण गर्ने अवस्थामा आयोग विघटन गर्नु दुर्भाग्य हो।

भारतको पावर ट्रेडिङ कर्पोरेसनसँग विद्युत् आयातमा भएको सम्झौताबाट राज्यलाई ४३ करोडको हाराहारीमा नोक्सानी भएको बारेमा राज्यका तर्फबाट कुनै स्पष्टीकरण दिइएको छैन।

अर्थ मन्त्रालयले मौरिससको डोल्मा इम्प्याक्ट कम्पनीसँग वैदेशिक लगानी भित्र्याउँदा लाभकर छुट गरेको विवादास्पद निर्णयका प्रति पनि सरकार मौन छ।

प्रधानमन्त्रीको सचिवालयमा नातावादका आधारमा कर्मचारी नियुक्तिको विषय लगायत दर्जनौँ गैर कानूनी र गैर संवैधानिक निर्णय र काम यो सरकारबाट भएका छन्। सुशासन स्थापना गर्न निर्माण भएको यो सरकारले अढाई महिना बितिसक्दा पनि विकास निर्माणका सन्दर्भमा पनि कुनै सिन्को भाँच्न सकेको छैन। यी सबै निर्णय र काम कारबाहीको एक–एक अभिलेख नागरिक तहमा राखिएको छ।

यो सरकारले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिरका गैर कानूनी र गैर संवैधानिक अनधिकृत निर्णय र कामहरू नगरोस् र विगतमा भएका निर्णय र काम अविलम्ब सच्याओस्।

# गोवामा नेपालीहरू निसासिएर मरेको देखियो

सञ्जय ढकाल

भारतीय राज्य गोवाको एक नाइटक्लब तथा रेस्टुराँमा शनिवार राति भएको आगलागीमा परी ज्यान गुमाउने पाँच नेपाली कामदारमध्ये दाङको घोराही घर भएका ३१ वर्षीय चुर्नबहादुर पुन पनि थिए। गोवामै काम गर्ने उनका आफन्त पदम रावतले पुनको सनाखत गरे । उनले शव पहिचानदेखि शव नेपाल पठाउनेसम्मको प्रक्रियामा सहयोग गर्दै आएका छन्।

'निकट परिवारजनसँग समन्वय गरेर एनओसी (नो अब्जेक्शन सर्टिफिकेट) बनाएर सोमवार अपराह्ण उनको शव हामीले बुझ्यौँ अनि नेपालतर्फ पठायौँ । गोवा सरकारले नेपालसम्मै शव पठाउन सहयोग गरेको छ। यहाँबाट लखनऊसम्म एअर एम्बुलेन्स अनि त्यहाँबाट नेपालमा घरसम्म पठाउने व्यवस्था मिलाइएको छ,' रावतले बीबीसी न्यूज नेपालीसँग भने।

अर्का नेपाली मृतक विवेक क्षेत्री पनि भनिने लिलबहादुर कटवाल जम्मा २८ वर्षका थिए। सिन्धुलीको दुधौली नगरपालिकामा घर भएका कटवालले निकै वर्ष दिल्लीमा काम गरेका थिए।

उनी झन्डै पाँच वर्षअघि गोवा गएको उनकी एक छिमेकीले बीबीसी न्यूज नेपालीलाई बताइन् । 'केही आम्दानी गर्न भनेरै विदेशिएको हो। आर्थिक अवस्था कमजोर छ,' सबी थापाले भनिन्।

उनका अनुसार कटवालको घरमा उनकी पत्नी र चारवर्षे छोरा छन् । 'बाआमा बितिसकेका थिए । साह्रै नराम्रो भयो,' थापाले भनिन्। कटवालका दाजु शव लिन भारत गएका छन् । स्थानीय वडा कार्यालयले उनका सहोदर दाजु गिरिमान कटवाललाई शव जिम्मा दिन सिफारिस गर्दै सम्बन्धित पक्षलाई पत्र लेखिदिएको छ।

दिल्लीस्थित नेपाली राजदूतावासका अनुसार गोवाको आगलागीमा मृत्यु हुनेहरूमध्ये झापाका दुई जना छन् । उनीहरूको नाम सबिन विश्वकर्मा र सुदीप गुरुङ हो। पाँचौँ व्यक्ति चाहिँ डडेलधुराका मनोज जोरा हुन्।

घटनामा दार्जिलिङ घर भएका एक नेपालीभाषीको पनि ज्यान गएको बताइएको छ।

**आगलागी हुँदा नेपालीहरू कहाँ थिए ?**

कटवाल र पुनका आफन्तहरूका अनुसार उनीहरू दुवै जना गोवाको उक्त नाइटक्लबमा खाना पकाउने 'शेफ' थिए। रावतका अनुसार 'बर्च बाइ रोमियो लेन' नाइटक्लबमा अचानक आगलागी हुँदा नेपाली कामदारहरू तल्लो तलामा काम गर्दै थिए।

'शव पहिचान गर्न जाँदा अधिकांशको मृत्यु निस्सासिएर भए जस्तो देखियो । शवमा जलेको क्षति देखिएन,' रावतले भने।

भारतीय सञ्चारमाध्यमहरूले पनि गोवा प्रहरीलाई उद्धृत गर्दै अधिकांश मृतकहरूको शरीरमा जलेको सङ्केत नभेटिएको जनाएका छन् । गोवाका मुख्यमन्त्रीले तीन जनाको जलेर मृत्यु भएको बताएका छन्।

अन्डरग्राउन्ड किचेनमा हावा प्रवाहको पर्याप्त व्यवस्था नदेखिएको अनि बाहिरिने बाटो साँघुरा रहेको पनि तिनले उल्लेख गरेका छन्।

विगत छ वर्षदेखि गोवामा नेपाली समुदायका निम्ति लक्षित सञ्चारकर्म गर्दै आएको बताउने पुरन विश्वकर्मा पनि माथिल्लो तलामा रहेको डान्स फ्लोरबाट आगो फैलिएपछि तल भएका धेरै जना धुवाँमा निस्सासिएका हुन सक्ने ठान्छन्।

'तल किचेनमा भाग्ने ठाउँ पनि रहेनछ,' उनले भने । भारतको केन्द्र सरकार तथा राज्य सरकारले मृतकका परिवारलाई आर्थिक सहयोग प्रदान गर्ने घोषणा गरेका छन् । नेपालीहरूका हकमा पनि क्षतिपूर्तिको अपेक्षा गरिएको छ।

**गोवामा कति छन् नेपाली**

प्रगतिशील नेपाली समाज समिति, भारतका अध्यक्ष तथा हाल गोवाका बासिन्दा लोकेन्द्र सेर्पालीका अनुसार त्यहाँ ५० हजारको हाराहारीमा नेपालीहरू बस्दै आएका छन् । तर यसको आधिकारिक तथ्याङ्क भने उपलब्ध छैन।

'कोभिडभन्दा पहिलेको समयमा अझ धेरै नेपालीहरू यहाँ थिए । अहिले पनि होटेलहरूमा, रेस्टुराँहरूमा, सुरक्षा गार्ड, ड्राइभर अनि घरायसी सहयोगीका रूपमा थुप्रै नेपाली यहाँ काम गर्छन्,' पुरन विश्वकर्माले भने।

गोवा तुलनात्मक रूपमा नेपाली श्रमिकहरूका निम्ति सुरक्षित र आकर्षक नै गन्तव्य रहेको उनले बताए।

'यो त दुर्घटना भयो। नत्र भने यो तुलनात्मक रूपमा सुरक्षित नै ठाउँ हो । अहिले पनि पीडितहरूका निम्ति राज्य सरकारले सहयोग गरिरहेको पाएका छौँ,' विश्वकर्माले भने । गोवामा १० वर्षदेखि काम गर्दै आएका 'शेफ' पदम रावतको भनाइ पनि उस्तै छ । 'यहाँ काम गर्न सहज नै छ । हावापानी पनि राम्रै छ,' उनले भने।

भारतमा सहज आवतजावत गर्न सकिने हुनाले निकै पहिलादेखि नेपालीहरू त्यहाँ विभिन्न क्षेत्रमा रोजगारीका निम्ति जाने गर्छन्। खास गरी पश्चिम नेपालबाट भारतमा काम जाने प्रचलन निकै धेरै छ।

हाल भारतबाहेक वैदेशिक रोजगारमा गएका नेपालीहरूको कुल संख्या ६३ लाख रहेको र गत आर्थिक वर्षमा मात्र नयाँ श्रम स्वीकृति लिनेहरूको संख्या आठ लाख रहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानकारी दिएको छ।

'भारतमा चाहिँ कोही तीन महिनाका निम्ति कोही छ महिनाका निम्ति भनेर पनि जाने गर्छन्। त्यहाँ जानेहरूको आँकडा राख्ने गरी नयाँ श्रमनीति आएको छ तर अहिले ठोस काम भइसकेको छैन,' मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेले बताए।

भारतमा गएका नेपालीहरूको यकिन संख्या उपलब्ध नभएपनि श्रमविज्ञ जीवन बानियाँका अनुसार विगतका श्रम सर्वेक्षण तथा जनगणनाहरूका रिपोर्ट हेर्दा त्यो संख्या पाँच लाखदेखि नौ लाखजति हुने देखिन्छ।

नेपाल सरकारले हालसालै ल्याएको नयाँ राष्ट्रिय श्रम आप्रवासन नीतिले कम्तीमा भारत गएकाहरूको अभिलेख राख्ने र उनीहरूलाई पनि सामाजिक सुरक्षाका कार्यक्रममा समेट्ने उद्देश्य राखेको अधिकारीहरूले बताउँदै आएका छन्।

विगतदेखि नै भारतमा काम गर्दै आएका नेपालीहरूले त्यहाँ गरिने कामलाई पनि अन्य देशमा गर्ने कामलाई जस्तै वैदेशिक रोजगारीको मान्यता दिन सरकारले पहल गर्नुपर्ने माग गर्दै आएका थिए। बीबीसी

# इजरायली आक्रमणमा ६७ पत्रकारको मृत्यु

यस वर्ष विश्वभर मारिएका सबै पत्रकारमध्ये लगभग आधाको मृत्युका लागि इजरायल जिम्मेवार रहेको रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ)ले मङ्गलबार जानकारी गराएको छ। इजरायलको सेनाको आक्रमणमा परी गाजामा २९ प्यालेस्टिनी पत्रकारहरूको मृत्यु भएको आरएसएफले जनाएको छ।

पेरिसस्थित मिडिया फ्रिडम ग्रुपले आफ्नो वार्षिक प्रतिवेदनमा सन् २०२४ मा ६६ पत्रकारको हत्या गरिएकोमा यस वर्ष विश्वभर मारिने पत्रकारको संख्या ६७ पुगेको जनाएको छ। इजरायली सेनामने आक्रमणमा मृत्यु हुने पत्रकारको सङ्ख्या यो बर्ष आक्रमणमा मारिने पत्रकारको कुल संख्याको ४३ प्रतिशत हिस्सा रहेको ओगटेको आरएसएफले आफ्नो रिपोर्टमा उल्लेख गरेको छ।

पत्रकारमाथिको आक्रमणले इजरायललाई 'पत्रकारहरूको सबैभन्दा ठूलो शत्रु' बनाएको छ, आरएसएफले आफ्नो रिपोर्टमा भनेको छ। आरएसएफले सन् २०२४ डिसेम्बरदेखि १२ महिनामा भएका मृत्युको दस्तावेजीकरण गरेको छ। सबैभन्दा घातक एकल आक्रमण तथाकथित 'डबल–ट्याप' आक्रमण थियो। 'डबल–ट्याप' आक्रमणमा दोहोरो बम विस्फोट गरिन्छ र यो अगस्ट २५ मा दक्षिण गाजाको एक अस्पतालमा भएको थियो । 'डबल–ट्याप' आक्रमणमा अन्तर्राष्ट्रिय समाचार निकाय रोयटर्स र एसोसिएटेड प्रेस (एपी) का दुई योगदानकर्तासहित पाँच पत्रकारको मृत्यु भएको थियो । समग्रमा अक्टोबर २०२३ मा गाजा युद्ध सुरु भएदेखि इजरायलमा हमासको आक्रमणपछि, लगभग २ सय २० पत्रकारहरूको मृत्यु भएको छ, जसले इजरायललाई तीन वर्षसम्म विश्वव्यापी पत्रकारहरूको सबैभन्दा ठूलो हत्यारा बनाएको आरएसएफको तथ्याङ्कले देखाउँछ। इजरायली सेनाले हमासका लडाकु र नेताहरूलाई लक्षित गरी आक्रमण र गोलाबारी गरेको बताएको छ। मिडिया समूह र प्रेस स्वतन्त्रता संगठनहरूले पहुँचका लागि आह्वान गरे पनि विदेशी पत्रकारहरू अझै पनि गाजा प्रवेश गर्न असमर्थ छन्। उनीहरू इजरायली सेनाको कडा नियन्त्रणमा गाजा प्रवेश गर्नुलाई प्रेस स्वतन्त्रता मान्न सकिँदैन। मेक्सिकोका वामपन्थी राष्ट्रपति क्लाउडिया शेनबामले पत्रकारको सुरक्षा गर्ने प्रतिबद्धता व्यक्त गरे पनि सन् २०२५ मा मेक्सिकोमा कम्तिमा तीन वर्षमा सबैभन्दा घातक वर्ष भएको र नौ जना पत्रकारको मृत्यु भएको आरएसएफको वार्षिक प्रतिवेदनले बताएको छ । आरएसएफका अनुसार पत्रकारहरूका लागि सबैभन्दा खतरनाक देश भनिएका युद्धग्रस्त युक्रेनमा तीन र सुडानमा चार पत्रकारको मृत्यु भएको छ। गतवर्ष मृत्यु हुनेको कुल संख्या सन् २०१२ मा मारिएका १४२ पत्रकारको तुलनामा कम हो। सन् २०१२ मा सिरियाली गृहयुद्धका क्रममा पछिल्लो तीन दशकमा सबैभन्दा बढी पत्रकार मारिएका थिए। यो बर्षको पत्रकारको मृत्यु सन् २००३ देखि प्रति वर्ष लगभग ८० जनाको मृत्यु हुने गरेको औसत तथ्याङ्कभन्दा भने कम हो।

आरएसएफका सम्पादकीय निर्देशक एनी बोकान्डेले पत्रकारहरूलाई लक्षित गर्ने अपराधलाई 'न्यायोचित' साबित गर्ने तरिकाको रूपमा 'धब्बा' लगाउने बढ्दो प्रवृत्तिलाई उल्लेख गरे।

'यी एक्कासी लागेका गोली र मृत्यु होइनन्। यो पत्रकारहरूलाई जानाजानी निशाना बनाइएको हो किनकि उनीहरूले विश्वलाई द्वन्द्वमा के भइरहेको छ भनेर जानकारी दिन्छन्,' उनले एएफपीलाई भने।

आरएसएफको वार्षिक प्रतिवेदनले आफ्नो कामका लागि जेलमा परेका पत्रकारहरूको संख्या पनि गणना गरेको छ। चीनमा १२१, रुसमा ४८ र म्यानमारमा ४७ जना पत्रकार जेलमा परेका छन् र यी पत्रकारहरूका लागि सबैभन्दा दमनकारी देशहरू मानिएका छन्। सन् २०२५ को डिसेम्बर १ सम्ममा ४७ देशमा ५ सय ३ जना पत्रकारलाई हिरासतमा लिइएको रिपोर्टमा उल्लेख छ ।अन्य संगठनहरूले पत्रकारको मृत्युको गणना गर्न फरक प्रमाणहरू प्रयोग गर्छन् । युनेस्कोका अनुसार सन् २०२५ मा ९१ जना पत्रकारको हत्या भएको थियो। एएफपी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सार्कलाई थप गतिशील बनाउने नयाँ संकल्प आवश्यक छः प्रधानमन्त्री कार्की

**काठमाडौँ।**
प्रधानमन्त्री एवं परराष्ट्रमन्त्री सुशीला कार्कीले दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) लाई पुनर्जीवित गर्ने, अझ गतिशील, समावेशी र कार्यमुखी बनाउने नयाँ संकल्प आवश्यक रहेकामा जोड दिएकी छन।

सार्कको ४१औँ चार्टर दिवसको अवसरमा सदस्य राष्ट्रका सरकार र जनतामा शुभकामना व्यक्त गर्दै उनले साझा उद्देश्यमा एकताबद्ध भएर यस क्षेत्रका चुनौतीहरूको सामना गर्न, आम हितको रक्षा गर्न र जनताका आकांक्षा पूर्ण गर्न सकिने उल्लेख गरेका छन।

'झण्डै चार दशकअघि हाम्रा संस्थापक नेताहरूले शान्ति, स्थिरता र साझा समृद्धिले एकीकृत दक्षिण एसियाको कल्पना गरेका थिए । उनिहरूको सामूहिक दूरदृष्टिले सार्कको जन्म दियो, एक यस्तो मञ्चको रूपमा, जसले क्षेत्रीय सहयोग प्रवद्र्धन गर्ने, मित्रताको सम्बन्ध सुदृढ गर्ने र हाम्रा जनताको कल्याण वृद्धि गर्ने उद्देश्य राख्दछ', उनले सन्देशमा उल्लेख गरेकी छन।

प्रधानमन्त्री कार्कीले विगत वर्षहरूमा सार्कले आपसी समझदारी अभिवृद्धि गर्ने, पारस्परिक विश्वास मजबुत पार्ने र यस क्षेत्रभर जीवनस्तर सुधार गर्ने लक्ष्यसहितका पहलहरू अघि बढाउन महत्वपूर्ण मञ्चको रूप लिन सफल भएको बताएकी छन । खाद्य तथा ऊर्जा सुरक्षा, जलवायु परिवर्तन, डिजिटल विभेद र गरिबी न्यूनीकरणजस्ता समयका जटिल चुनौतीहरूको सामना गर्न सामूहिक आत्मनिर्भरता गहिरो बनाउने, साझा क्षेत्रीय पहिचानलाई पोषित गर्ने कार्यमा सार्क चार्टर निरन्तर मार्गदर्शक बनेको उनले उल्लेख गरेकी छन।

उनले हालका अध्यक्षको रूपमा, नेपालले सार्क चार्टरमा निहित सिद्धान्तअनुसार मित्रता, एकता तथा सहमतिको भावनाअनुसार सबै सदस्य राष्ट्रहरूसँग नजिकबाट सहकार्य गर्ने दृढ प्रतिबद्धता पुनः व्यक्त गरेको उल्लेख गरेका छन । संयुक्त प्रयासमार्फत साझा विकास लक्ष्यतर्फको प्रगतिलाई छिटो पार्न सकिने र यस क्षेत्रमा बसोबास गर्ने विश्वको एक चौथाइ जनताका लागि ठोस लाभहरू पु¥याउन सकिने प्रधानमन्त्री कार्कीको भनाइ छ । उनले यस चार्टर दिवसले सबैमा नयाँ प्रतिबद्धता, गहिरो सहकार्य र क्षेत्रीय एकताको पुनर्जीवित भावना जगाओस् भनी शुभकामना गरेकी छन।

सार्कको स्थापना ८ डिसेम्बर १९८५ मा बङ्गलादेशको ढाकामा सार्क चार्टरमा हस्ताक्षरसँगै भएको हो । सार्कमा अफगानिस्तान, बङ्गलादेश, भुटान, भारत, माल्दिभ्स, नेपाल, पाकिस्तान र श्रीलङ्का गरी आठ सदस्य राष्ट्रहरू समावेश छन । यस सङ्गठनको सचिवालय १७ जनवरी १९८७ मा काठमाडौँमा स्थापना गरिएको हो।

सदस्य राष्ट्रका राष्ट्रप्रमुख वा सरकार प्रमुखको बैठक सार्कअन्तर्गतको सबैभन्दा उच्च निर्णय–निर्माण निकाय हो । शिखर बैठकहरू सामान्यतया दुई–दुई वर्षको अन्तरालमा आयोजित गरिन्छन् र वर्णानुक्रमअनुसार सदस्य राष्ट्रहरूले आयोजना गर्छन् । शिखर सम्मेलन आयोजना गर्ने सदस्य राष्ट्रले उक्त अवधिमा सङ्गठनको अध्यक्षता ग्रहण गर्छ । सार्कका हालसम्म १८ शिखर सम्मेलन भइसकेका छन् । सार्कको १८औँ शिखर सम्मेलन सन् २०१४ नोभेम्बर २६ र २७ मा काठमाडौँमा भएको थियो । त्यसयता र्साकको शिखर सम्मेलन हुन सकेको छैन।

सङ्गठनका सबै तहका निर्णयहरू सर्वसम्मतिका आधारमा गरिने, साथै द्विपक्षीय तथा विवादास्पद विषयहरूलाई सङ्गठनको छलफलबाट बाहिर राखिनेलगायत सार्क चार्टरका उद्देश्य रहेका छन् ।रासस

# समृद्ध र जिम्मेवार राज्य निर्माणका लागि भ्रष्टाचार नियन्त्रण अपरिहार्यः मुख्यमन्त्री आचार्य




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सुशासन र पारदर्शी समाज निर्माणका लागि सबैको संयुक्त प्रयास आवश्यक रहेको बताएका छन।

भ्रष्टाचार विरुद्धको अन्तरराष्ट्रिय दिवसको अवसरमा मंगलवार जारी गरे सन्देशमा मुख्यमन्त्री आचार्यले सुशासनलाई मजबुत बनाउँदै भ्रष्टाचारमुक्त समाज निर्माण गर्न सबैको साझा प्रयास आवश्यक रहेको बताएका छन । 'भ्रष्टाचार आर्थिक दुराचार मात्रै होइन । यसले सामाजिक मूल्य–मान्यता, लोकतान्त्रिक प्रणाली, राजनीतिक स्थिरता र विकासको गति सबैमा गम्भीर असर पार्छ', शुभकामना सन्देशमा भनेका छन, 'समृद्ध र जिम्मेवार राज्य निर्माणका लागि भ्रष्टाचार नियन्त्रण अपरिहार्य छ भन्ने स्पष्ट बुझेर सरकारले कानुनी, नीतिगत र संस्थागत संरचना सुदृढ गर्न विविध पहल गरिरहेको छ।'

भ्रष्टाचार विरुद्धको साझा लडाइँमा प्रदेश सरकार आफ्नो भूमिकामा पूर्णतः प्रतिबद्ध रहेको उनले स्पष्ट पारेका छन । मुख्यमन्त्री आचार्यले नेपाल सन् २०११ देखि भ्रष्ट्राचार विरुद्ध संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्ष राष्ट्र बनेको उल्लेख गर्दै त्यसयता सरकार राष्ट्रिय रणनीति र कार्ययोजना बनाएर अन्तरराष्ट्रिय प्रतिबद्धताअनुसार अघि बढिरहेको जानकारी दिए । उनका अनुसार भ्रष्टाचार आर्थिक दुराचार मात्र नभई सामाजिक मूल्य–मान्यता, लोकतान्त्रिक प्रणाली, राजनीतिक स्थिरता र विकासमा गम्भीर असर पार्ने समस्या हो।

उक्त चुनौतीलाई सम्बोधन गर्न प्रदेश सरकारले कानुनी, नीतिगत र संस्थागत संरचना सुदृढीकरणमा विभिन्न पहल अघि बढाएको मुख्यमन्त्री आचार्यले बताए । सुशासन प्रवद्र्धन तथा भ्रष्टाचार न्यूनीकरणलाई प्राथमिकतामा राख्दै पाँचवर्षे रणनीतिक योजना कार्यान्वयन भइरहेको उनले जानकारी दिए।

पूर्वविशिष्ट पदाधिकारीका सेवा–सुविधा कटौती, मुख्यमन्त्री तथा मन्त्रीहरूको आचारसंहिताको कार्यान्वयन, चालू खर्च घटाउने पहल तथा विकास योजना प्रतिस्पर्धात्मक प्रक्रियाबाट कार्यान्वयन गर्ने व्यवस्था पारदर्शिता र जवाफदेहिता बढाउन प्रभावकारी रहेको उनले बताए।रासस

# प्रदेश सरकार भ्रष्टाचार नियन्त्रण एवं सुशासन कायम गर्न प्रतिबद्धः मुख्यमन्त्री कार्की



**मोरङ ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश सरकारले भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्न प्रयत्नरत रहेको बताएका छन ।

'भोलिको सदाचार निर्माणः युवाहरुसँग भ्रष्टाचारविरुद्ध ऐक्यबद्धता' नाराका साथ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा आज विराटनगरमा आयोजित भष्टाचार विरुद्धको २५औँ अन्तरराष्ट्रिय दिवस–२०२५ को उद्घाटन गर्दै उनले राष्ट्र निर्माण र नेपाली जनताप्रति सुशासन कायम गर्ने प्रतिबद्धताअनुसार भ्रष्टाचारविरुद्ध अभियानमा लाग्न सबैलाई आह्वान गरे ।

मुख्यमन्त्री कार्कीले मुलुकलाई सुसंस्कृत, सभ्य, आधुनिक, विकसित राष्ट्र बनाउन भ्रष्टाचार न्यूनीकरण अभियानमा प्रतिबद्धता जनाउनुपर्नेमा जोड दिए ।

उनले बेरुजु एवं पेस्की फछ्र्या◌ैट, नीतिनिर्माण, बजेट कार्यान्वयन क्षेत्र अधिकारको न्याय सम्पादनमा इमान्दारीका साथ काम गर्न कर्मचारीहरुलाई निर्देशन दिए ।

मुख्यमन्त्री कार्कीले भ्रष्टाचार न्यूनीकरण अभियान सञ्चालन गर्नका लागि प्रदेशका सबै स्थानीय तहका प्रमुख, उपप्रमुख, कार्यकारी अधिकृत एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहभागितामा आगामी दुई महिनाभित्र कार्यक्रम सञ्चालन गरी मुलुकमा सन्देश प्रवाह गरिने बताए ।

प्रदेशका निमित्त प्रमुख सचिव राजुप्रसाद गुरागाईंले भ्रष्टाचार अपराध भएको र यो दण्डनीय हुने धारणा राखे ।

जिल्ला समन्वय समिति मोरङका प्रमुख अजम्वर राईले भ्रष्टाचार नियन्त्रण गर्न वर्तमान कानुनमा संशोधन गर्नुपर्ने सुझाव दिए ।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले मन, वचन र कर्मले भ्रष्टाचार विरुद्धको अभियानमा लाग्न समाजलाई सन्देश दिनुपर्ने धारणा राखे । अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीका प्रमुख खगेन्द्रप्रसाद रिजालले भ्रष्टाचार मुलुकको समृद्धिको बाधक भएकाले यसको नियन्त्रण कायम गरी सुशासन कायम गर्नु हामी सबैको जिम्मेवारी रहेको धारणा राखे ।

मुख्यमन्त्री कार्यालयका सचिव एकदेव अधिकारीले 'प्रदेश सरकारले भ्रष्टाचार विरुद्धका प्रयास एवं नियन्त्रणका प्रयास र सुधारका क्षेत्रहरु' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा प्रदेश सरकार सबै मन्त्रालयका सचिव, कर्मचारी, सुरक्षा निकायका प्रदेश प्रमुखहरुको उपस्थिति रहेको थियो ।रासस

# भ्रष्टाचारविरुद्धको लडाइँ एक दिनको अभियान होइन निरन्तरको सङ्घर्ष होः संयोजक दाहाल

**काठमाडौँ,**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले भ्रष्टाचारविरुद्धको लडाइँ एक दिनको अभियान नभई निरन्तरको सङ्घर्ष भएको उल्लेख गरेका छन।

भ्रष्टाचारविरुद्धको २२औँ अन्तरराष्ट्रिय दिवसका अवसरमा सुशासनका पक्षधर सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा मंगलवार शुभकामना व्यक्त गर्दै उनले भ्रष्टाचार अन्त्यका लागि राजनीतिक नेतृत्वको इमानदार प्रतिबद्धता, संस्थागत सुदृढीकरण र जनताको सचेत सहभागिता अपरिहार्य रहेको उल्लेख गरेका छन।

संयुक्त राष्ट्रसङ्घको भ्रष्टाचारविरुद्धको महासन्धि सन् २००३ मा पारित भएपछि हरेक वर्ष डिसेम्बर ९ मा यो दिवस मनाउने गरिन्छ । नेपालले सन् २०११ मा यो महासन्धिलाई अनुमोदन गरी सुशासन र पारदर्शिताप्रति आफ्नो प्रतिबद्धता जनाएको थियो। उनले भनेका छन, 'म प्रधानमन्त्री भएको कार्यकालमा हामीले सुशासनलाई राज्य सञ्चालनको मूल मन्त्र बनायौँ, सुशासनकै पक्षमा दृढतापूर्वक कदम चालेकै कारण दलाल, विचौलिया र भ्रष्ट तत्वहरूको स्वार्थमा आघात पुग्यो र हाम्रो पार्टी नेतृत्वको सरकार ढाल्ने षड्यन्त्र सफल भएको विदितै छ।'

उनले बिना कुनै राजनीतिक आग्रह र पूर्वाग्रह, भूटानी शरणार्थी प्रकरणलगायत ठूलाठूला भ्रष्टाचार काण्डहरूको छानबिन अघि बढाइएको पनि बताए । 'यसका साथै प्रशासनिक सुधार, सार्वजनिक खरिदमा पारदर्शिता, दण्डहीनताको अन्त्य, सम्पत्ति शुद्धीकरणमा कडाइ र नागरिकको सक्रिय निगरानीका महत्वपूर्ण कदम चालिए, हालसम्मका सबै चर्चामा रहेका काण्ड तथा २०४६ यता उच्चपदस्थ सबैको सम्पत्ति छानबिनको माग मैले संसद्को 'रोष्टम'बाटै समेत गरेको थिएँ र आज यो दिवसका अवसरमा त्यही मागलाई फेरि सशक्त रूपमा दोहो¬र्याउँछु,' उनले भनेका छन।रासस

# विश्वले अभूतपूर्व जल सङ्कटको सामना गरिरहेको छः मन्त्री डा परियार

**काठमाडौँ।**
कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियारले विश्व अभूतपूर्व जल सङ्कटको सामना गरिरहेको उल्लेख गर्दै यसको संरक्षणका लागि क्षेत्रीय सहकार्य आवश्यक रहेकामा जोड दिएका छन।

राष्ट्रिय प्रकृति संरक्षण कोष र नेपालस्थित संयुक्त अरब इमिरेट्स (युएई) दूतावासले संयुक्त रूपमा मंगलवार आयोजना गरेको कार्यक्रममा उनले करिब चार अर्ब मानिसले वर्षमा कम्तीमा एकपटक जल अभावको सामना गर्नुपर्ने अवस्था रहेको उल्लेख गरे।

मन्त्री डा परियारले भने, 'यदि यो समस्या समयमै सम्बोधन गरिएन भने यो सङ्कटले खाद्य सुरक्षामा गम्भीर असर पार्न सक्छ, मानवीय सङ्कट निम्त्याउन सक्छ, बसाइँसराइको दबाब बढाउन सक्छ र अस्थिरतासमेत निम्त्याउन सक्छ।'

'विश्वव्यापी जलवायु चुनौतीबीच जल संरक्षण र नवप्रवर्तनः मोहम्मद बिन जायेद वाटर इनीसियटिभका दृष्टिकोण' विषयक कार्यक्रममा उहाँले जल संरक्षण र नवप्रवर्तन जस्ता विषय अहिले विश्व स्थिरता तथा मानव कल्याणका केन्द्र बिन्दुमा रहेका बताए।

नेपाल र युएईबीच विश्वास, आपसी सम्मान र दिगो समृद्धिको साझा आकांक्षामा आधारित, तत्पर र विस्तार हुँदै गएको सम्बन्ध रहँदै आएको उल्लेख गर्दै उनले यी सम्बन्धहरूको सबैभन्दा बलियो आधार नै हाम्रो जनस्तरको सम्बन्ध भएको बताए ।मन्त्री डा परियारले नेपाल जलस्रोतमा धनी देश भए पनि धेरै समुदायले सुक्खा महिनामा पानी अभावको गम्भीर समस्या भोगिरहेका उल्लेख गर्दै पहाडी क्षेत्रमा मुहानहरू सुक्दै गइरहेका, तराईमा भू–जल दोहन तीव्र हुँदै गएको र गाउँ–बस्तीका पानी प्रणालीहरू जलवायु परिवर्तन र जनसङ्ख्या वृद्धिका कारण दबाबमा रहेका बताए।

'जलवायु परिवर्तनले यी चुनौतीहरूलाई अझ गम्भीर बनाएको छ। पानी पर्ने समयमा अनिश्चितता बढेको छ । महत्वपूर्ण जल भण्डारणका रूपमा रहेका हिमनदहरू पग्लिरहेका छन्। खडेरी, बाढी–पहिरो तथा मौसमी परिवर्तनहरूले कृषि र सामुदायिक पानी आपूर्तिमा प्रत्यक्ष प्रभाव पारिरहेका छन', उनले भने।

त्यसैले, पानी सुरक्षा अब समन्वित कार्य, वैज्ञानिक योजना, प्रविधिक नवप्रवर्तन, सामुदायिक साझेदारी तथा अन्तरराष्ट्रिय सहकार्य आवश्यक पर्ने अत्यावश्यक राष्ट्रिय प्राथमिकता बनेको उहाँको भनाइ थियो। नेपालको राष्ट्रिय जलस्रोत नीतिले नदी–घाटी तहमा एकीकृत जलस्रोत व्यवस्थापनलाई प्रवद्र्धन गर्ने व्यवस्था गरेको उहाँले अवगत गराए।



हिमालय क्षेत्रमा पानीसम्बन्धी मुद्दाहरू परस्पर–सम्बद्ध रहेको उल्लेख गर्दै मन्त्री डा परियारले भने, 'हाम्रा नदीहरू, हिमनदीहरू र मौसम प्रणालीहरू सीमापार बग्छन्, जसले धेरै देशहरूको भविष्यलाई जोड्दछ । त्यसैले पानी सुरक्षा केवल राष्ट्रिय प्रयासले मात्र सम्भव हुँदैन । यसका लागि क्षेत्रीय सहकार्य, संयुक्त वैज्ञानिक अनुसन्धान, डेटा साझेदारी, प्रारम्भिक चेतावनी प्रणाली र समन्वित नदी–घाटी योजना आवश्यक छ।'

कार्यक्रममा युएइका राजदूत अब्दुल्ला जर्वान अल शम्सीले पानीलाई जीवन, विकास र वातावरणका लागि आधारभूत संशाधनका रूपमा सुरक्षित राख्न आह्वान गरे। उनले पानी मानव अस्तित्व, आर्थिक उन्नति र पारिस्थितिक सन्तुलनका लागि अत्यावश्यक भएको बताउँदै विश्वभर करोडौँ मानिस दैनिक रूपमा पानी अभावको सामना गरिरहेको तथ्य उल्लेख गरे।

'पानी अमूल्य र सीमित स्रोत हो। जलवायु परिवर्तन, प्रदूषण र जनसङ्ख्या वृद्धि जस्ता चुनौतीहरूको कारण यसको दिगो व्यवस्थापन झनै महत्वपूर्ण बन्दै गएको छ', उनले भने। उनका अनुसार 'जल संरक्षण' अर्थात् पानीको बचत तथा समुचित व्यवस्थापन अब विकल्प नभई आवश्यकता बनेको छ।

वर्षायाममा उपलब्ध पानी सङ्कलन तथा भण्डारण, वर्षा पानी सङ्कलन प्रणाली, दक्ष सिँचाइ प्रविधि, नदी तथा भूगर्भीय जलस्रोतको संरक्षणजस्ता उपाय अवलम्बन नगरे पानी अभावले खाद्य सुरक्षादेखि स्वास्थ्य र सामुदायिक स्थायित्वसम्म जोखिम बढ्ने राजदूत शम्सीले बताए।

उनले सन् २०२४ मा यूएइका राष्ट्रपति महामहिम मोहम्मद बिन जायेद अल नाह्यानले प्रारम्भ गरेका 'मोहम्मद बिन जायेद वाटर इनिसिएटिभ' ले विश्वव्यापी जल अभाव समाधानका लागि नयाँ प्रविधि, लगानी र अन्तरराष्ट्रिय समन्वयलाई प्रवद्र्धन गरिरहेको जानकारी दिए । उक्त पहलले डिसालिनेसन (समुद्री पानी मिठ्याउने) जस्ता अत्याधुनिक प्रविधि तथा संवेदनशील मुलुकहरूका लागि प्रत्यक्ष सहयोगलाई प्राथमिकता दिएको उनले बताए।

विश्वव्यापी तहमा यूएइले सेनेगलसँगको सह–आयोजनामा सन् २०२६ को राष्ट्रसङ्घीय जल सम्मेलनका लागि तयारी गरिरहेको जानकारी गराउँदै उहाँले जल प्रविधि, नवप्रवर्तन र पारिस्थितिक संरक्षणलाई सुदृढ योजना स्वरूप अघि बढाउन आवश्यक रहेको औँल्याए।

त्यसैगरी कोषका सदस्य सचिव डा नरेश सुवेदीले कोषले सन् २००९ मा विश्वव्यापी प्रजाति संरक्षणका उद्देश्यका साथ स्थापित मोहम्मद बिन जायेद स्पिसिज कन्भर्सेशन फण्डसँग नजिकबाट काम गर्दै आएको अवगत गराए।

उनले उक्त कोषले अहिलेसम्म १७० देशमा तीन हजार १०० भन्दा बढी संरक्षण परियोजनालाई सहयोग पु¥याइसकेको र एक हजार ९०० प्रजातिलाई विलुप्तिको सङ्घारबाट फर्काउन मद्दत गरेको बताए । सन् २०२४ फेब्रुअरीमा अबुधाबीमा राष्ट्रपति मोहम्मद बिन जायेदद्वारा स्थापना र शुभारम्भ गरिएको 'वाटर इनिसिएटिभ'ले पानी सङ्कटका चुनौती सामना गरिरहेका समुदाय र पारिस्थितिकी प्रणालीमा व्यावहारिक समाधानका लागि सहयोग गर्ने उल्लेख गरे ।रासस

# प्राकृतिक शीतभण्डारमा किबी



**पाँचथर।**
पाँचथरको फिदिम नगरपालिका–३ लालीखर्कका किसान बलबहादुर राईले प्राकृतिक शीतभण्डारमा किबी भण्डारण गरी आकर्षक फाइदा लिँदै आएका छन।

उत्पादनको याममा सकिएपछि बजारमा पु¥याउँदा प्राकृतिक शीतभण्डारमा राखिएको किबीको मूल्य तेब्बर बढी हुने र स्वाद उस्तै रहने गरेको छ । किबीको व्यावसायिक खेतीको शीप सिक्न विसं २०७६ मा इलाम पुगेका राईले प्राकृतिक शीतभण्डारमा किबी राख्न सकिने थाहा पाएका थिए। चार वर्षअघि शीतभण्डार निर्माण गरेपछि राईले चार महिनादेखि छ महिनासम्म किबी भण्डारण गरी बजारमा लैजाने गरेका छन।

'मेरो अनुभवमा जमिनअनुसार शीतभण्डार बनाउन सकिन्छ । मौसमका कारण कतिपय ठाउँमा यहाँ जसरी नटिक्न सक्छ', उनले भने, 'मेरो जग्गा आफैँमा चिसो ठाउँमा छ । यहाँ प्रत्यक्ष घामले नभेट्ने हुँदा शीतभण्डारले काम दिएको छ। मेरो जग्गा त उत्तम छ जस्तो लाग्छ ।' प्राकृतिक शीतभण्डार जमिनमा खाडल खनेर काठ विच्छयाइ बनाइएको छ। जहाँ क्यारेटमा किबी राखिन्छ भने पानीबाट जोगाउन त्रिपालले ढाकिएको छ । राईका अनुसार मङ्सिरमा भण्डारण गरिएको किबी वैशाख/जेठसम्म उस्तै रहन्छ । राईको प्राकृतिक शीतभण्डारमा ६० क्यारेटसम्म किबी अट्छ । 'भविश्यमा प्राकृतिक शीतभण्डार नै ठूलो र एकदमै आकर्षक बनाउने मेरो सपना छ', उनले भने, 'शीतभण्डारमा विद्युत् प्रवाह अनियमित हुने हुँदा बिग्रन सक्ने भए पनि यहाँ प्राकृतिक चिसोका कारण कुनै समस्या आएको छैन।' उत्पादन गरेको सामग्रीले मूल्य नपाउँदा किसानको विजोक हुने गरेको भए पनि आफूलाई प्राकृतिक शीतभण्डारले राहत दिएको किसान राईले बताए । फागुनभन्दा पछाडि राम्रो मूल्य पाउने भएपछि शीतभण्डारमा राखिएको किबी बिक्री गर्ने गरेको उनको भनाइ छ।

शीतभण्डार नरहेका स्थानका कृषकहरुले हावापानीलाई विचार गरेर प्राकृतिक शीतभण्डार निर्माण गरेर परीक्षण गर्नुपर्ने उनको सुझाव छ । उत्पादनको सिजन सकिएपछि किबी बजारमा पु¥याउँदा मूल्यमा तेब्बर बढीसम्म अन्तर पर्छ । 'यस वर्ष किबी फालाफाल छ । मैले शीतभण्डारमा नअट्ने किबी सुरुमै बिक्री गरें । बाँकी रहेको किबी शील भण्डारमा राख्दै छु', राईले भने, 'अहिले प्रतिकिलो ६० रुपैयाँ मूल्य पाउने 'बी' ग्रेडको किबी चैत महिनाभन्दा पछाडि प्रतिकिलो १५० रुपैयाँ सम्ममा बिक्री हुन्छ ।' प्रतिकिलो रु १०० सम्म बढी मूल्य पाउँदा प्राकृतिक शीतभण्डार राईका लागि बरदान बनेको छ। प्राकृतिक शीतभण्डारमा मुसाले दुःख दिने गरेको उनको भनाइ छ। मुसाले खाएपछि किबी पाक्ने र गन्हाउने समस्या हुने गरेको छ । 'मुसाबाट जोगाउन सकियो भने मूल्य राम्रै पाउँछ', राईले भने । जिल्लामा उत्पादन हुने वस्तु भण्डारणका लागि शीतभण्डार निर्माण हुन नसक्दा कृषकहरुले उत्पादन लगत्तै सस्तो मूल्यमा सामग्री बिक्री गर्नुपर्ने बाध्यता झेल्दै आएका छन्।

राईले करिब १५ रोपनी क्षेत्रफलमा २०० बोट किबी लगाएका छन। जसमध्ये करिब ४० बोटले उत्पादन दिइरहेका छन् भने बाँकी नयाँ बिरुवा छन् । किबीबाट बर्सेनि दुई लाख रुपैयाँ भन्दा बढी आम्दानी गर्दै आएका राईले आगामी वर्षमा किबीबाट थप आम्दानी हुने अपेक्षा राखेका छन। राईले हेवार्ड जातिको किबी धेरै रोपेका छन । उक्त जातिको किबीको बिरुवा धेरै समय टिक्ने गर्दछ। पूर्वी नेपालमा किबी रोपण सुरु भएपछि सुरुआतमा राम्रो मूल्य थियो । आकर्षक मूल्यकै कारण धेरै कृषकहरुले किबी रोपेपछि उत्पादनमा वृद्धि हुँदा मूल्य बर्सेनि घट्दै गएको छ । यद्यपि परम्परागत बालीभन्दा किबीबाट धेरै आम्दानी भने हुने गरेको राईको भनाइ छ।रासस

# चार वटा फर्मलाई जरिवानासहित कारबाही




**काठमाडौँ ।**
नियमित रूपमा बजार अनुमगन एवं निरीक्षण गर्दै आएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले चार वटा उद्योग एवं फर्मलाई कारबाही गरेको छ । विभागले मध्यपुरथिमीमा रहेको न्यानो नेपाली सिरक उद्योगलाई रु २० हजार जरिवानासहित कारबाही गरेको हो ।

भक्तपुर सल्लाघारीमा रहेको श्री चोङ्गा गणेश हार्डवेयर र सोही स्थानमा रहेको कृष्ण प्लाइउड एण्ड पेन्टलाई समान रु १० हजार जरिवानासहित कारबाही गरेको छ । त्यस्तै, काठमाडौँ महानगरपालिका–१६ मा रहेको इमरान रेडिमेडलाई पनि रु १० हजार जरिवाना गरेको छ । ती फर्मलाई उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १५, दफा ३८ को 'घ' को कसुरमा कारबाही गरिएको विभागले जनाएको छ ।

सोमबार विभागले काठमाडौँ, भक्तपुर र ललितपुरका विभिन्न १५ वटा फर्ममा अनुगमन गरेको थियो । त्यसमध्ये ११ वटालाई सामान्य निर्देशन दिइ व्यवसायमा आवश्यक सुधार गर्न, कानुन परिपालना गर्न निर्देशन दिइएको विभागले उपलब्ध गराएको विवरणमा उल्लेख छ ।रासस

# व्यवसायीद्वारा कर्णाली सरकारलाई ११ बुँदे ध्यानाकर्षण पत्र हस्तान्तरण

**कर्णाली ।**
संस्कृति, सभ्यता र प्राकृतिक सम्पदामा धनी तथा प्रचुर सम्भावना हुँदाहुँदै व्यवसायीलाई निराशा बनाएको र लगानीकर्तालाई आकर्षण गर्न नसकेको जनाउँदै यहाँका उद्योग व्यवसायीहरुले कर्णाली प्रदेश सरकारलाई ११ बुँदे ध्यानाकर्षण पत्र बुझाएका छन् । जल, जङ्गल, जमिन, जडीबुटी र रत्नपत्थरको खानी कर्णाली प्रदेशमा लगानी भित्र्याउने वातावरण बनाउन नसक्नु सरकारको कमजोरी रहेको भन्दै उद्योग व्यवसायीहरुले सरकारको यस कार्यले निराशा छाएको दुःखेसो गरेका छन् । सुर्खेत वीरेन्द्रनगरमा सोमबार पत्रकार भेटघाट कार्यक्रममार्फत नेपाल उद्योग वाणिज्य महासङ्घ कर्णाली प्रदेश समिति अध्यक्ष पदमबहादुर शाहीले कोभिड, भूकम्प, जेन्जी प्रदर्शन, अन्तरराष्ट्रिय मूल्य वृद्धि, बैंकको उच्च ब्याजले थला परेको निजी क्षेत्रको मनोबल उठाउन प्रदेश सरकारले भूमिका नखेलेको दुःखेसो गरे ।

उद्योग, कलकारखाना, लगानी र पूर्वाधारको अभावमा पछाडि परेको कर्णालीमा प्रदेश सरकारले गरेका निर्णय, लिइएका नीतिहरुले निजी क्षेत्रमा थप चोट पुर्याएको दोषारोपण गर्दै उनले यहाँको विकास र समृद्धिमा सहयोग पुर्याउन ११ बुँदे ध्यानाकर्षण पत्र मुख्यमन्त्री यामलाल कँडेललाई बुझाएको जनाए । जसमा कर्णाली राजमार्ग सुधारसहित २४सै घण्टा निर्वाध रुपमा सञ्चालन गर्नुपर्ने, निजी क्षेत्रको सहकार्यमा स्टार्टअफ उद्यमी कार्यक्रम सञ्चालन गर्नुपर्ने रहेको छ ।

कर्णालीको आन्तरिक नियमित हवाई उडान सञ्चालन हुनुपर्ने, कर्णाली सरकारको होटलमा कार्यक्रम नगर्ने निर्णयको पुनरावलोकन गर्नुपर्ने, कोसेली गृह निःशुल्क रुपमा सञ्चालन तथा नीतिगत सुधार हुनुपर्ने, मेला महोत्सवको सञ्चालन निजी क्षेत्रलाई जिम्मेवारी दिनुपर्ने भन्ने माग राखिएको छ । कर्णाली प्रदेशस्तरीय औद्योगिक पर्यटन, उद्योग तथा व्यापार प्रदर्शनीस्थल निर्माण गर्नुपर्ने, स्थानीय कृषि तथा उद्यमी प्रवद्र्धनका लागि साप्ताहिक हाटबजार सञ्चालन, लघु औद्योगिक ग्रामका उद्यमी प्रवद्र्धनका लागि हालको भाडा दर घटाउनुपर्ने र सम्झौता अवधि बढाउनुपर्ने र कर्णाली राजमार्ग क्षेत्रका मुख्य बजार क्षेत्रमा होटल व्यवसाय २४सै घण्टा गर्न पाउनुपर्ने विषय ध्यानाकर्षणमा पत्रमा उल्लेख गरिएको च्याम्बर अफ कमर्स कर्णाली प्रदेश अध्यक्ष चिन्तामणि कँडेलले जानकारी दिए ।रासस

# सातौँ लुम्बिनी महोत्सव सम्पन्न १२ करोडको कारोबार



**रुपन्देही ।**
चेम्बर अफ कमर्स तथा उद्योग व्यापार सङ्गठन, रुपन्देहीको आयोजनामा भैरहवामा सञ्चालित सातौँ लुम्बिनी महोत्सव सम्पन्न भएको छ । उद्योग, व्यापार, कृषि तथा पर्यटन प्रवद्र्धनमा सहयोग पु¥याउने उद्देश्यले महोत्सव आयोजना गरिएको हो ।

'स्थानीय बजारमा खरिद गरौँ, स्थानीय बजारको प्रवद्र्धन गरौँ, स्वदेशी वस्तुको प्रयोग गरौँ, स्वाभिमानी नेपालीको पहिचान बनाऔँ' भन्ने मूल नाराका साथ यही मङ्सिर ३ देखि सिद्धार्थनगर नगरपालिका–८ स्थित अञ्चलपुरमा सञ्चालित महोत्सव मङ्सिर २१ गते समापन भएको हो ।

महोत्सवमा करिब १२ करोड रुपैयाँ बराबरको कारोबार भएको जिल्लास्थित चेम्बर अफ कमर्सका अध्यक्ष एवं महोत्सव मूल आयोजक समितिका संयोजक सचिन रोक्काले जानकारी दिए । उनका अनुसार महोत्सव एक लाख २० हजार दर्शकले अवलोकन गरेका छन् ।

संयोजक सचिन रोक्काले आगामी दिनमा यस्ता महोत्सव सरकारले स्वामित्व लिएर आयोजना गर्नुपर्नेमा जोड दिँदै त्यसमा निजी क्षेत्र सहभागी हुने बताए ।

'महोत्सव सञ्चालनका लागि ठूलो रकम अस्थायी संरचना निर्माणमा खर्चिनुपर्ने बाध्यता छ', उनले भने, 'स्थायी संरचना निर्माणमा सरकारले ध्यान दिनुपर्छ ।' अध्यक्ष रोक्काले भारतीय पर्यटकको सङ्ख्या बढाउन र धेरै खर्च गर्ने वातावरण बनाउन कम्तीमा १० लाख भारु रुपैयाँ लिएर नेपालमा आउन दिनुपर्ने माग गरे । संस्थाका वरिष्ठ उपाध्यक्ष राममिलन यादवले महोत्सव सफल बनाउन साथ र सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरे । उनले चेम्बर अफ कमर्स निजी क्षेत्रको क्रियाशील र सशक्त संस्था भएको बताए । महोत्सवको एक समारोहकाबीच समापन गरिएको छ । समारोहमा लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले मण्डप बनाउनु ठूलो कुरा नभए पनि मण्डप निर्माणपछि महोत्सवबाहेक अन्यबेला स्थान कत्तिको प्रयोग हुन्छ भन्नेतर्फ पनि ध्यान दिनुपर्ने बताए । 'मण्डप बनाएपछि वर्षमा एकपटक महोत्सव सञ्चालन गरेर मात्रै पुग्दैन, अन्य कार्यक्रम पनि गरिरहनुपर्छ', उनले भने ।

मन्त्री कार्कीले भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडानका लागि प्रदेशस्तरबाट पहल भइरहेको बता । नेपालमा सयभन्दा ठूला दरका भारु नोट चलाउन भारतीय केन्द्रीय बैंक स्वीकृति दिनु खुसीको विषय भएको उनको भनाइ छ । लुम्बिनी प्रदेशका वन तथा वातावरणमन्त्री देवकरण प्रसाद कलवारले मण्डपको समस्या समाधानका लागि अघि बढ्न अर्थमन्त्री धनेन्द्र कार्कीलाई आग्रह गरे । उनले मन्त्री कार्कीलाई भने, 'यो समस्या समाधान गर्न म आग्रह गर्दछु, हामीले के गर्नुपर्छ, यहाँलाई साथ दिन्छौँ ।'

युवा तथा खेलकुदमन्त्री सन्तोषकुमार पाण्डेयले अहिलेको पिँढीले मुलुकमा परिवर्तन ल्याउने विश्वासका साथ अगाडि बढ्नुपर्नेमा जोड दिए । उनले पर्यटन र खेलकुदमार्फत मुलुकलाई आर्थिक समृद्धितर्फ लैजान सकिने धारणा राखे । मन्त्री पाण्डेयले महोत्सवले आन्तरिक पर्यटन प्रवद्र्धनमा पनि टेवा पु¥याएको बताए ।

नेपाल चेम्बर अफ कमर्स, लुम्बिनी प्रदेशका अध्यक्ष टङ्कप्रसाद पोखरेलले हरेक हिसाबले सातौँ लुम्बिनी महोत्सव सफल भएको बताए । उनले निजी क्षेत्रको मनोबल उठाउनुपर्नेमा जोड दिए ।

चेम्बर अफ कमर्स, रुपन्देहीका पूर्वअध्यक्ष नारायणप्रसाद भण्डारीले भैरहवामा स्थायी मण्डपको अत्यन्तै आवश्यकता रहेको बताए । उनले यसमा प्रदेश सरकारले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । संस्थाका निवर्तमान अध्यक्ष दर्पण श्रेष्ठले महोत्सवमा दर्शकको निःशुल्क प्रवेशका लागि स्थायी मण्डपको व्यवस्था हुनुपर्ने बताए । पूर्वअध्यक्ष अनिलकुमार ज्ञवालीले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल नियमित रुपमा सञ्चालनका लागि समग्र लुम्बिनी प्रदेशले नेतृत्व गर्नुपर्ने बताए ।

यसपटकको महोत्सवको मुख्य आकर्षण नेपालमै पहिलोपटक भियतनामबाट ल्याइएको जलपरी र फिस टनेल थिए । यस्तै, महोत्सवमा राष्ट्रिय, घरेलु तथा साना उद्योगको उत्पादन, अटो, बैंक तथा वित्तीय संस्थालगायतको प्रवद्र्धन गरिएको थियो । महोत्सवले भैरहवा र यस आसपासको बजार चलायमान बनाउन कोशेढुङ्गा सावित भएको आयोजकको दाबी छ । महोत्सवमा ३०० स्टल रहेका थिए ।रासस

# युरोपेली नेताद्वारा युक्रेनलाई सहयोग बढाउन आह्वान



युरोपेली नेताहरूले युक्रेनलाई सहयोग बढाउन र युद्ध अन्त्यका लागि रुसमाथि दबाब दिन "अहिले महत्त्वपूर्ण समय" रहेको बताएका छन् ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सोमबार लन्डनमा बेलायतका प्रधानमन्त्री किर स्टार्मर, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन, र जर्मनीका चान्सलर फ्रिडरिख मत्र्स सँग भेटवार्ता गरे । यो भेट गत हप्ता युक्रेनी र अमेरिकी अधिकारीहरूबीच तयार पारिएको शान्ति योजनाको नवीनतम संस्करणबारे छलफल गर्न भएको थियो । युरोपेली नेताहरूले युक्रेनका लागि सुरक्षा ग्यारेन्टी प्राप्त गर्न थप काम आवश्यक रहेको बताएका छन्, किनकि अमेरिकाले कीभलाई रुससँग छिटो सम्झौता गर्न दबाब दिइरहेको छ । नाटो अधिकारीहरूलाई भेट्न ब्रसेल्सतर्फ प्रस्थान गर्नुअघि जेलेन्स्कीले युक्रेनले मंगलबार अमेरिकासँग एक संशोधित योजना साझा गर्ने बताए ।

गत हप्ता युक्रेनी अधिकारीहरूले फ्लोरिडामा अमेरिकी वार्ता टोलीसँग तीन दिन बिताएका थिए । उनीहरू रुसलाई बढी अनुकूल मानिएको अमेरिकी समर्थित शान्ति प्रस्तावमा परिवर्तन ल्याउन जोड दिइरहेका थिए । लन्डनको बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै जेलेन्स्कीले नोभेम्बरमा प्रस्तावित सुरुको सम्झौताबाट "निश्चित रूपमा युक्रेन विरोधी बुँदाहरू हटाइएको" बताए ।

तर, युक्रेनी राष्ट्रपतिले क्षेत्र छोड्ने सम्बन्धी केही चिन्ताहरू अझै बाँकी रहेको र यसमा 'अझैसम्म कुनै सम्झौता नभएको' स्वीकार गरे । एजेन्सी

# जुम्लामा कृषि जैविक विविधतासम्बन्धी प्रदर्शनी मेला हुँदै

**जुम्ला ।**
जिल्ल सदरमुकाम खलङ्गा बजारमा कृषि जैविक विविधता तथा खाद्य परिकार प्रदर्शनी मेला लाग्ने भएको छ ।

यहाँको चन्दननाथ नगरपालिका कृषि शाखाको आयोजनामा तथा कृषि खाद्य प्रणालीका लागि नवीकरणीय ऊर्जाको सहयोगमा यही मङ्सिर २७ गते कृषि जैविक विविधता तथा खाद्यपरिकार प्रदर्शनी मेला सञ्चालन हुने भएको हो ।

चन्दननाथ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत क्षेत्रबहादुर बुढथापाले स्थानीय कृषि उत्पादनको संरक्षण र प्रवद्र्धन गर्ने उद्देश्यले मेला आयोजना गरिएको जानकारी दिए । उनका अनुसार प्रदर्शनी मेलामा किसान, कृषि उपभोक्ताले उत्पादन गरेको रैथाने परिकारको अवलोकन गर्न सकिनेछ ।

मेलामार्फत जैविक विविधताको जगेर्ना र परम्परागत खाद्य संस्कृतिको पुनःजीवन हुने विश्वास लिइएको प्रशासकीय अधिकृत बुढथापाले बताए ।

सुरक्षित, पोषणयुक्त र स्थानीय उत्पादनको प्रयोगले सामुदायिक स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने भएकाले मेलाले जनचेतनामा ठूलो योगदान पु¥याउने नगरपालिका स्वास्थ्य शाखा प्रमुख क्षेत्रबहादुर महतले विश्वास व्यक्त गरे ।

यहाँको कृषि सम्भावना, परम्परागत प्रजाति संरक्षण तथा जैविक कृषि प्रवद्र्धनमा प्रदर्शनीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिइएको छ ।

किसानका नवीन उत्पादन, मौलिक बीउबिजन तथा स्थानीय खाद्य परिकार एकै ठाउँमा प्रदर्शन गरिनुले जिल्लाको कृषि पहिचान मजबुत बनाउने अवसर भएको नगरपालिकको कृषि शाखाले जनाएको छ ।रासस

# सुदूरपश्चिम महोत्सव सुरु

**कैलाली ।**

सुदूरपश्चिम प्रदेशमा पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले आयोजना हुन्दै आएको ‘सुदूरपश्चिम महोत्सव’ सुरु भएको भएको छ । सुदूरपश्चिम महोत्सवको १९औँ संस्करण सोमबारदेखि कैलालीको धनगढीमा सञ्चालनमा आएको छ ।

कैलाली उद्योग वाणिज्य सङ्घको आयोजनामा ‘पर्यटन, संस्कृति, उद्योग र व्यापारः समृद्ध सुदूरपश्चिमको आधार’ भन्ने मूल नाराका साथ उक्त महोत्सव सञ्चालनमा आएको हो ।

सङ्घका अध्यक्ष पुष्करराज ओझाले सुदूरपश्चिमको पर्यटन प्रवद्र्धन, कृषि, उद्योग, व्यापारको विकास तथा विस्तारका साथै संस्कृति र कलाको संरक्षण र प्रवद्र्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको बताए ।

यस क्षेत्रका समग्र सम्भावना उजागर गरी आर्थिक, सामाजिक प्रतिकूलता र विषम सामाजिक परिस्थितिबाट गुज्रिरहेको उद्योग व्यवसायलाई पुनःस्थापित गर्न महोत्सव उपलब्धिमूलक हुने अध्यक्ष ओझाको भनाइ छ ।

महोत्सवमा बृहत् व्यावसायिक कृषि प्रदर्शनी र कृषि प्रविधिलाई व्यवसायमा जोड्नका लागि जोड दिइने उनले बताए । महोत्सव आयोजना गर्न तीन करोड रुपैयाँ लागत लाग्ने अनुमान गरिएको जनाउँदै ओझाले १५ करोड रुपैयाँ बराबरको कारोबार हुने विश्वास व्यक्त गरे ।

उनका अनुसार यस वर्षको महोत्सवमा करिब सात लाख व्यक्तिले अवलोकन गर्ने अनुमान गरिएको छ ।

महोत्सवमा कृषि, जडीबुटी, हस्तकला, फर्निचर, अटोमोबाइल्स, गारमेन्ट, इलेक्ट्रोनिकल, होटल र सूचना प्रविधि गरी ५०० बढी स्टल रहेका छन् । सधैँका संस्करणमा झैँ यसपटक पनि महोत्सवमा बिक्री हुने टिकटको केही रकम सामाजिक क्षेत्रका विषयका कार्य छुट्याइएको छ ।

महोत्सव अवलोकनका लागि विद्यार्थीलाई रु ५० र अन्यलाई रु १०० राखिएको छ भने ज्येष्ठ नागरिक र अपाङ्गता भएकालाई प्रवेश निःशुल्क गरिएको छ ।

महोत्सवको मुख्य प्रायोजक निःशर्ग हस्पिटल एण्ड रिसर्च सेन्टर रहेको छ भने संरक्षक नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल उद्योग वाणिज्य महासङ्घ सुदूरपश्चिम प्रदेश रहेका छन् । सोमबारदेखि सुरु भएको महोत्सव आगामी पुस २ गतेसम्म सञ्चालन हुनेछ ।

उद्योग, वाणिज्य कृषि, उद्योग, व्यापार पर्यटनलगायतको प्रवद्र्धन गरी समृद्ध सुदूरपश्चिम बनाउने अभियानअन्तर्गत विसं २०६३ देखि सुदूरपश्चिम महोत्सव थालनी गरिएको थियो ।रासस

# निर्वाचन आउन ८६ दिन बाँकीः समानुपातिकतर्फको निर्वाचन अधिकृतको कार्यालय स्थापना

**काठमाडौँ।**

निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको समानुपातिक प्रणालीतर्फको निर्वाचन अधिकृतको कार्यालय सोमबार आयोगको कार्यालय परिसरमा स्थापना भएको हो।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कार्यालयको उद्घाटन गरेका आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए । समानुपातिकतर्फको निर्वाचन अधिकृतको कार्यालय स्थापना भएसँगै आयोगको यही मङ्सिर १२ गतेको निर्णयानुसार समानुपातिकतर्फको निर्वाचन अधिकृत तोकिनुभएका आयोगका सचिव माहादेव पन्थले सो जिम्मेवारी बहन गरेका छन । उक्त निर्वाचन प्रणालीतर्फ सहायक निर्वाचन अधिकृतका रूपमा आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईलाई तोकिएको छ । समानुपातिक निर्वाचन व्यवस्थापनका लागि कूल ४१ जना कर्मचारी कार्यरत रहनेछन्। कूल २७५ सदस्यीय प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० जना निर्वाचित हुने व्यवस्था छ।

कार्यालयको उद्घाटन गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले समानुपातिक निर्वाचन प्रणालीका सबै कार्य निर्वाचन अधिकृतको कार्यालयबाट हुने भएकाले सबै सरोकार भएकालाई सहज हुने विश्वास व्यक्त गरे । उनले सूत्रात्मक पद्धतिबाट राष्ट्रिय तथ्याङ्क कार्यालयसमेतको सहयोगमा कानुनबमोजिमका जातीय, भौगोलिक, लैङ्गिकलगायत समूह छुट्याएर प्रतिनिधि चयन गरिने भएकाले सबैपक्षको भरोसा रहने उल्लेख गरे।

सो कार्यक्रममा निर्वाचन आयुक्तद्वय डा जानकीकुमारी तुलाधर रसगुन शम्शेर जबरा एवं आयोगका कर्मचारीको उपस्थिति थियो । यस्तै, सोमबार अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र कानुनमन्त्री अनिलकुमार सिन्हाले निर्वाचन आयोगमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त र आयुक्तसँग निर्वाचन पूर्वतयारीको अवस्था र आगामी दिनमा निर्वाचन सम्पन्न गर्न सरकारले आयोगलाई उपलब्ध गराउनुपर्ने सहयोगका विषयमा छलफल गरेका थिए। छलफलमा अर्थमन्त्रीले निर्वाचन सम्पन्न गर्न आयोगलाई आवश्यकपर्ने बजेटको अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरे थिए।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्हालेका कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सिन्हाले निर्वाचन सम्पन्न गर्नका निम्ति आवश्यक कानुनी सहायता उपलब्ध गराउने प्रतिबद्धता जनाए । उनले निर्वाचन सम्पन्न गर्ने कार्यमा स्वदेशी वस्तु र उत्पादनको प्रयोग गर्न आयोगलाई अनुरोध गरेका थिए । सो छलफलबाट प्रतिनिधिसभा सदस्य निर्वाचन र राष्ट्रियसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न थप मद्दत पुगेको आयोगका प्रवक्ता भट्टराईले जानकारी दिए ।रासस

# न्यायको जीत भएको कार्यकारी निर्देशक शाक्यको भनाइ

**काठमाडौँ ।**

सर्वोच्च अदालतले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा पुनःबहाली गरेपछि हितेन्द्र शाक्यले न्यायको जीत भएको प्रतिक्रिया दिएका छन । उनले सरकारको निर्णयबाट आहात भएकामा न्यायालयले राहत दिएको बताए ।

शाक्यले भने, ‘न्यायलयको निर्णयले राहत महसुस भएको छ ।’ उनले आफ्नो योग्यता र क्षमताअनुसार देश, जनता र प्राधिकरणको हितमा काम गर्ने पूर्ववत् प्रतिबद्धता दोहो¥याए ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलाशले शाक्यका पक्षमा परमादेश जारी गरेको हो । सरकारले गत असोज ५ गते शाक्यलाई कार्यकारी निर्देशकबाट जल तथा ऊर्जा आयोगमा सरुवा गरी मनोज सिलवाललाई नियुक्त गरेको थियो । सरकारको निर्णयविरुद्ध शाक्यले सर्वोच्चमा रिट दायर गरेका थिए ।रासस

# शुक्लाफाँटामा पाँचवर्षे शिक्षा योजना तर्जुमा गरिँदै

**कञ्चनपुर ।**

शुक्लाफाँटा नगरपालिकाले शिक्षा क्षेत्रको समग्र सुधार र दीर्घकालीन विकास गर्ने लक्ष्यलाई अघि सार्दै पाँचवर्षे शिक्षा योजना तर्जुमा प्रक्रिया अगाडी बढाएको छ ।

नगर शिक्षा समितिको बैठकले विस्तृत अध्ययन, समीक्षा र स्थानीय आवश्यकता पहिचान गर्दै रणनीतिक योजना तयार गर्ने उद्देश्यसहित तर्जुमा समिति गठन गरेको हो ।

नगरपालिकाको सामाजिक विकास समितिका संयोजक रमेशबहादुर ऐरलाई पाँचवर्षे शिक्षा योजनातर्जुमा समितिको संयोजकमा नियुक्त गरिएको छ ।

ऐरको संयोजकत्वमा अब बन्ने योजनाले नगरपालिकाभित्रका सबै सामुदायिक विद्यालयका चुनौती, आवश्यकता, पूर्वाधार, जनशक्ति, सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरका सूचकलाई समेटेर व्यावहारिक र परिणाममुखी शिक्षा खाका तयार गरिने भएको छ ।

समितिमा निजी विद्यालयका तर्फबाट डम्बर दत्त अवस्थी, सामुदायिक विद्यालयका प्रधानाध्यापकबाट पीताम्बर जोशी र धनसिंह महरा सदस्यका रूपमा तथा नगरको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख टिकेन्द्रराज भट्ट सदस्य–सचिवका रूपमा रहनेगरी नियुक्त गरेको छ ।

समितिले नगरभरिका विद्यालयको अवस्था, विद्यार्थी सङ्ख्या, शिक्षक व्यवस्थापन, पूर्वाधार, सिकाइ उपलब्धि, शैक्षिक चुनौती तथा अभिभावकको अपेक्षाबारे विस्तृत तथ्य सङ्कलन गर्ने नवनियुक्त तर्जुमा समितिका संयोजक ऐरले बताए ।

नगरका सबै विद्यालयमा समान पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितता, विद्यार्थीमैत्री वातावरण, आइसिटिमा–आधारित सिकाइ, र शिक्षकको क्षमता अभिवृद्धि, कमजोर विद्यालय पहिचान गरी सुधारका कार्यक्रम, बालविकासदेखि माध्यमिक तहसम्म शैक्षिक पूर्वाधारको नक्शाङ्कनको कार्य अगाडि बढाइने उनले उल्लेख गरे ।

‘योसँगै छात्रवृत्ति, पोषण, विशेष शिक्षा तथा समावेशी शिक्षातर्फ लक्षित कार्यक्रम र विद्यालय व्यवस्थापन समितिको भूमिकालाई सशक्त बनाउन कार्ययोजना तर्जुमाको कार्य गर्छौं’, उनले भने ।

संयोजक ऐरका अनुसार पाँचवर्षे शिक्षा योजनाले नगर शिक्षाको भविष्यको मार्गचित्र तय गर्नेछ । ‘शिक्षा क्षेत्रमा देखिएका कमजोरी, समग्र आवश्यकता र स्थानीय आवाजलाई प्राथमिकतामा राखेर दीर्घकालीन, व्यावहारिक तथा प्रगतिमुखी योजना बनाउने लक्ष्य लिएका छौँ’, उनले भने । रासस

# पर्यटकको रोजाइमा अन्नपूर्ण–धौलागिरि पदमार्ग



**म्याग्दी ।**

म्याग्दी, कास्की र पर्वत जोड्ने नयाँ वैकल्पिक पदमार्ग सञ्चालन भएको छ । अन्नपूर्ण चक्रीयमा पर्ने भुरुङ–तातोपानी–घोडेपानी–उल्लेरी–वीरेठाँटी–नयाँ पुल खण्डको पुरानो पदमार्ग असहजताका कारण सडक विस्थापित भएपछि पदयात्रीले वैकल्पिक पदमार्ग प्रयोग गर्न थालेका हुन् ।

पदमार्गले कास्की र म्याग्दीको अन्नपूर्ण तथा पवर्तको मोदी गाउँपालिकामा रहेका पर्यटकीय स्थललाई समेटेको छ । कास्कीको उल्लेरी, म्याग्दीको मोहरेडाँडा, पुनहिल, घोडेपानी, स्वाँत, खोप्रा, खयरबराही ताल, बयली, मुल्डे भ्यु पोइन्ट, घान्द्रुक, लान्द्रुक हुँदै घम्पुस जोड्ने पदमार्ग सञ्चालनमा आएको हो ।

दशदेखि १५ दिनमा यात्रा पूरा गर्न सकिने यस पदमार्गलाई सडकले असर नगरेको पदयात्री बताउँछन् । उच्च पहाडी र हिमाली क्षेत्रको भूगोलमा हिमशृङ्खला, सूर्योदय, वनजङ्गल, पक्षी, भेडा, चौँरीको घुम्ती गोठ, वन्यजन्तुको अवलोकन गर्दै यात्रा गर्न पाइने पथप्रदर्शक दिनेशकुमार घिमिरेले बताए । ‘ग्रामीण जीवनशैली, शान्त र एकान्त वातावरण यो पदमार्गको आकर्षण हो’, उनले भने, ‘सडकलाई छलेर विशुद्ध पदयात्रा गर्न र प्रकृतिसँग रमाउन पाइने भएकाले पर्यटकको रोजाइमा परेको छ ।’

गाउँगाउँमा सडक विस्तारसँगै पुराना पदमार्ग विलय भएको घिमिरेले बताए । पर्यटकीय राजधानी पोखराबाट नजिक भएकाले पनि नयाँ वैकल्पिक पदमार्गमा पर्यटक आकर्षित भएका उनको भनाइ छ । गत महिना घिमिरेले बेलायतका पाँच जना पर्यटकलाई यो पदमार्गको भ्रमण गराएका थिए । पर्यटन व्यवसायीले पदमार्गलाई धौलागिरि अन्नपूर्ण नामकरण गरेका छन् ।

पदमार्गमा पर्ने स्वाँतका होटल व्यवसायी बलबहादुर तिलिजा पुनका अनुसार हाल दैनिक १०० जना पर्यटक यो नयाँ वैकल्पिक पदमार्गको भ्रमणमा आउने गरेका छन् । ‘पर्यटक आउन थालेपछि बजारबाट गाउँ फर्किएर होटल व्यवसाय सुरु गरेको छु’, उनले भने, ‘अन्य ठाउँमा होटल र रेष्टुरेन्ट थपिनेक्रम बढेको छ ।’

समुन्द्री सतहबाट दुई हजार ३०० मिटर उचाइमा रहेको स्वाँतलाई पदयात्रीले थकान मेटाउन विश्राम गर्ने थलोका रुपमा विकास भएको छ । समुन्द्री सतहबाट तीन हजार ६०० मिटर उचाइको खोप्रा लेक यस पदमार्गको मुख्य आकर्षण हो । क्याम्पिङ र होटलमा बास बस्ने गरेर पदयात्रा गर्न सकिने विकल्प रहेको बयलीका होटल व्यवसायी लोकबहादुर पुर्जाले बताए ।

वनजङ्गल, भिर र खोल्सा भएकाले गाइडसहित यात्रामा आउन उहाँले सुझाव दिनुभयो । अन्नपूर्ण गाउँपालिका–५ का वडाध्यक्ष राजेश तिलिजा पुनले पदमार्गका सामुदायिक लजको क्षमता विस्तार, पदमार्ग स्तरोन्नति, निर्माण र नयाँ गन्तव्य पहिचानसँगै प्रवद्र्धनमा जोड दिएको बताए ।रासस

# ‘पानी बोकेरै जवानी गयो’

**कालिकोट ।**

देवारतोली गाउँको उत्तरतर्फको पुछारमा कञ्चन तिलानदी अविच्छिन्न बगिरहेको छ । तर करिब दुई किलोमिटर माथिको बस्तीका बारिकापाटा उजाड छन् । गाउँ आउन केही वर्ष अगाडि मात्र नदीमा झुलुङ्गे पुल बनेको थियो । यही पुल तरेर करिब २० मिनेट पश्चिमतर्फको समथर बाटो हिँडेपछि नाक नै ठोकिने भीर आइपुग्छ । भीरबाट तलतिर हेर्दा आङ सिरिङ हुने कहाली लाग्छ । तिलगुफा नगरपालिका–२ स्थित यस भीरबाट लडेर देवारतोलीका ४२ वर्षीय चन्द्रबहादुर विश्वकर्माले तीन वर्ष अगाडि अकालमा झण्डै ज्यान गुमाउनुपरेको थियो । चामलको बोरा बोकेर भीरमा उक्लिँदै गर्दा उनी चिप्लिएर भीरमै अड्किएका थिए । गाउँले मिलेर उनलाई उद्धार गरे ।

उनले त्यो दिनको त्रासदी सम्झिदै भने, ‘चालमको बोरा लिएर साँझमा घर आउँदै थिए । आधाआधि भीरमा पुगेपछि चिप्लिए छु । झण्डै तिलानदीमा पुगेको । धन्न भीरमै अड्किएछु । भोलिपल्ट गाउँलेले देखेर उद्धार गरेछन् । टाउँकामा चोट लागेछ । नेपालगञ्जमा गएर उपचार गर्दा रु सात लाख सकियो ।’

भीरको पुछारबाट माथि उक्लन करिब झण्डै ४५ मिनेट बढी लाग्छ । यो भीरबाट कति बस्तुभाउ लडेर तिलानदीमा पुगे, पानी लिनजाँदा कति गाग्रा गाग्री गुल्टे देवारतोलीवासी सम्झन चाहँदैनन् । पछिल्लो समय गाउँलेले भीरको नाम नै ‘चन्द्रेरभिर’ राखिदिएका छन् । तिला नदी पारी अर्थात् सुक्खा पहाडी क्षेत्र तिलगुफा–१ ढाटाक्विवासी अहिले पनि यही भीर माथिका जङ्गलमा घाँस दाउरा लिन आउँदछन् ।

भीर सकिने बित्तिकै केही समथरको जङ्गलमा सल्ला प्रजाति रहेको छ । जङ्गल सकिएपछि गाउँ आउन पुनःउकालो लाग्नुपर्छ । यही उकालोकै बीचमा सीमसार क्षेत्रमा पानीको सानो मुहान छ । पानी सङ्कलन गर्न ट्याङ्की बनाइएको छ । महिलालाई गाउँका पुछारमा रहेको ट्याङ्कीबाट पानी भर्न घण्टौँ लाग्दथ्यो । यत्तिकै सयम पानी लिएर घर आउँदा व्यतित हुन्थ्यो । यहाँका स्थानीयवासी हिउँदका समयमा मूल सुक्दा तिला नदीमा नै जान्थे । देवारतोलीकी ६८ वर्षीया सानी विकले कष्टकर ती दिन सम्झिदै भनिन, ‘पानी बोकेरै जवानी बित्यो । भीरबाट कति गाग्रा लडे भनिसक्नु छैन । थकान मार्ने र काखे बच्चालाई हेर्ने समय पानी खेप्दैमा सकिन्थ्यो । तिर्खा मेटाउने गरेर पानी पिउन सक्ने अवस्था थिएन । बस्तुभाउलाई त पानी खुवाउन तिलानदीमै लैजानुपर्दथ्यो । सागसब्जी लगाउन त परै जाओस् ।’

पछिल्ला केही दिनयता देवारतोली गाउँका महिलाको दैनिकी परिर्वतन भएको छ । हिजोजस्तो उनीहरु साँझ बिहान नत गाग्री बोकेर हिँड्छन् नत पानी भएन भनेर चिन्तित हुन्छन् । बालबालिका समयमै विद्यालय जान पाएका छन् । आगनका डिलमुनिका बारिमा खेर गएका पानीबाट सागसब्जी लगाउन थालिएको छन् ।

घरका आँगनआँगनमा जडान गरिएका धाराबाट पानी खस्न थालेका छन् । दलित समुदायको करिब ४५ घरमा करिब ३०० जनसङ्ख्या रहेको यो गाउँमा वर्षौँपछि खुसीका दिन आएको हो । उनले भनिन ,‘आँगनमा धाराबाट पानी झरेको दिन खुसीले रातभर निद्रा लागेन । धारा नै हेरिरहुँ जस्तो भइराखेको छ । बल्ल पानीको चिन्ता हट्यो । अब त सागसब्जी खान पाइने भयो । बस्तुभाउलाई खुवाउन समस्या नहोला । आलु लगाउन पाइएला ।’ उब्जिनीले वर्ष दिन खान नपुगेपछि यहाँका पुरुष कामको खोजीमा अन्यत्र जाने गर्दछन् ।

नेपाल रेडक्रस सोसाइटी कालिकोट शाखाले तिलागुफा नगरपालिकासँगको सहकार्यमा यहाँ सञ्चालित ‘एकीकृत पुनर्लाभ तथा विपद् जोखिम न्यूनीकरण कार्यक्रम’ ले यहाँका गाउँमा ‘एक घर एक धारा’ निर्माणमा सहयोग गरेको हो ।रासस

# थर्पु अस्पतालमा आँखा उपचार सेवा सुरु हुने



**तनहुँ ।**

म्याग्दे गाउँपालिका–४ स्थित थर्पु अस्पतालमा नियमित आँखा उपचार सेवा सञ्चालन गरिने भएको छ । यसका लागि म्याग्दे गाउँपालिकाले पोखरास्थित हिमालय आँखा अस्पताल घारीपाटन पोखरासँग सम्झौता गरेको छ ।

यस भेगका सर्वसाधारणलाई सहज रुपमा आँखा उपचार सेवा प्रदान गर्ने उद्देश्यसहित हिमालय आँखा अस्पतालसँग सम्झौता गरिएको छ । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ र अस्पतालका मेडिकल डाइरेक्टर डा बबिता गुरुङबीच आगामी पुस ३ गतेबाट निरन्तर रुपमा उपचार केन्द्र सञ्चालन गर्ने गरी सम्झौता भएको छ ।

सम्झौता बमोजिम दैनिक रुपमा नेत्र प्राविधिकबाट आँखा उपचार सेवा प्रदान गरिने छ । आँखा उपचार सेवाले यस भेगका सर्वसाधारणलाई आँखा परीक्षणका लागि दमौली, खैरेनीटार जानुपर्ने बाध्यता अन्त्य हुनेछ ।

आँखा उपचार केन्द्र सञ्चालनका लागि प्राविधिक र उपकरण हिमालय आँखा अस्पतालले र उपचार केन्द्र र सहयोगी म्याग्दे गाउँपालिकाले उपलब्ध गराउने सम्झौता भएको छ ।

सम्झौता अनुसार आँखा परीक्षण सेवाका लागि म्याग्दे गाउँपालिकाले हिमालयआँखा अस्पताललाई वार्षिक छ लाख रुपैयाँ उपलब्ध गराउनेछ भने बिरामीहरुबाट सङ्कलित रकम गाउँपालिकाको आम्दानी हुनेछ ।

आँखा उपचार केन्द्रलाई प्रभावकारी एवं गुणस्तरीय रुपमा सञ्चालन गर्नका लागि आँखा उपचार केन्द्र सहयोग समिति गठन गरिनेछ । उक्त सहयोग समितिको संयोजकमा थर्पु आधारभुत अस्पताल व्यवस्थापन समितिको अध्यक्ष हुनेछन् भने सह–संयोजकमा अध्यक्षले तोकेको एक जना समाजसेवी हुनेछन् ।

त्यस्तै सदस्यहरुमा म्याग्दे गाउँपालिका वडा नम्बर ४ का अध्यक्ष, वडा नम्बर ७ का अध्यक्ष, हिमालय आँखा अस्पतालका व्यवस्थापक तथा व्यवस्थापकले तोकेको एक जना व्यक्ति, म्याग्दे गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख र सदस्य सचिवमा थर्पु अस्पतालका प्रमुख रहनेछन् ।रासस

# विराटनगरमाथि उत्कृष्ट बदला लिँदै सुदूरपश्चिम फाइनलमा



**काठमाडौँ ।**
नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत पहिलो क्वालिफायरमा सुदूरपश्चिम रोयल्सले उत्कृष्ट प्रदर्शन गर्दै विराटनगर किंग्सलाई ७७ रनले पराजित गरेको छ । यससँगै सुदूरपश्चिमले प्रतियोगिताको फाइनलमा स्थान बनाएको छ ।

१ सय ५६ रनको लक्ष्य पछ्याउन उत्रिएको विराटनगर १४.१ ओभरमै मात्र ७८ रनमा अलआउट भयो । टोलीका लागि फाफ डु प्लेसिसले ३६ रन बनाए पनि अन्य खेलाडीले साथ नदिँदा विराटनगर ठूलो अन्तरले पराजित भयो। बसिर अहमद (१२) र मर्चेन्ट डी लङ्ग (१५) ले दोहोरो अंकमा रन जोडे ।

सुदूरपश्चिमका बलरहरूले उत्कृष्ट प्रदर्शन गरे । स्कट कुगलिङ्ग, हर्मित सिंह र अभिनाश बोहराले समान २–२ विकेट लिए भने हेमन्त धामी र दिपेन्द्र सिंह ऐरीले १–१ विकेट आफ्नो नाममा लेखाए ।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै १५५ रनको प्रतिस्पर्धी स्कोर बनाएको थियो । ओपनर विनोद भण्डारीले ५२ बलमा ३ चौका र २ छक्कासहित सर्वाधिक ६३ रनको योगदान दिए । सेल्डन ज्याक्सनले २० रन, इशान पाण्डेले १३ रन, हर्मित सिंहले १४ रन र आरिफ शेखले २० रन जोड्दै टोलीको योगफल उकासे ।

विराटनगरका बलरमध्ये प्रतिश जिसी र मर्चेन्ट डी लङ्गले समान २–२ विकेट लिए भने सूर्य तामाङ र साम हेजल्टले १–१ विकेट हात पारे ।

समूह चरणको अन्तिम खेलमा सुदूरपश्चिम यही विराटनगरसँग ६ विकेटले पराजित भएको थियो । अब फाइनल पहुँचको अर्को अवसरका लागि विराटनगरले काठमाण्डु र लुम्बिनीबीचको विजेतासँग क्वालिफायर–२ खेल्नेछ ।

# धनुषा–३ मा निधि–महतो फेरि भिड्ने चर्चा





**जनकपुरधाम ।**
फागुन २१ गते हुने निर्वाचनको मिति नजिकिँदै गर्दा कुन क्षेत्रबाट कुन नेता प्रतिनिधिसभा निर्वाचन लड्ने विषयमा चर्चा परिचर्चा शुरु भएको छ । यसै क्रममा धनुषा निर्वाचन क्षेत्र नम्बर ३ चर्चाको शिखरमा पुगेको छ । फेरि धनुषा ३ बाट फागुन २१ गते हुने निर्वाचनमा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो र नेपाली कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधिबीच प्रतिस्पर्धा हुने हो कि शंका उपशंकाको बीच धनुषा ३ चर्चाको केन्द्रमा पुगेको हो।

राष्ट्रिय मुक्ति पार्टी (रामुपा)नेपाल धनुषा जिल्ला समितिले फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्यको निर्वाचनका लागि धनुषा क्षेत्र नम्बर ३ को उम्मेदवारका लागि अध्यक्ष राजेन्द्र महतोको नाम सिफारिस गरेपछि यो सम्भावनालाई थप बल पुर्‍याएको छ । यद्यपि राष्ट्रिय मुक्ति पार्टीले आफ्ना उपाध्यक्ष डा.राजीव झाको नाम पनि धनुषा ३बाटै सिफारिस गरेको छ।

राष्ट्रिय मुक्ति पार्टी धनुषाका अध्यक्ष राजेश चौधरी 'राजु' को अध्यक्षतामा बसेको जिल्ला कार्यसमितिको बैठकबाट दूबै नेताको नाम सर्वसम्मत रूपमा सिफारिस गरेको हो । २०७४ मा भएको निर्वाचनमा अध्यक्ष महतोले कांग्रेस नेता विमलेन्द्र निधिलाई पराजित गरेका थिए । उनले सो निर्वाचनमा निधिलाई २ हजार ९ सय १४ मतको अन्तरले पराजित गरेका थिए । तत्कालिन राष्ट्रिय जनता पार्टी(राजपा)बाट निर्वाचन लडेका महतोले ३० हजार ७ सय ४२ मत ल्याएका थिए भने कांग्रेस नेता निधिले २७ हजार ८ सय ७८ मत मात्रै ल्याएका थिए।

धनुषा ३ बाट २०७४ सालमा निर्वाचन जितेपनि महतोले २०७९ सालमा भने चुनाव लड्नका लागि आफ्नै गृह जिल्ला सर्लाही छनौट गरेका थिए । तर त्यो निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टीबाट सर्लाही २बाट चुनाव लडेका महतोलाई तत्कालिन माओवादी केन्द्रको चुनाव चिन्हमा चुनाव लडेका महेन्द्रराय यादवले २ हजार ११ मतान्तरले पराजित गरेका थिए।

महतोले सा चुनावमा २१ हजार ५ सय १८ मत पाएका थिए भने यादव २३ हजार ५ सय २९ मत ल्याएर विजयी भएका थिए। सर्लाही २बाट पराजित भएपछि महतोले अबको निर्वाचन धनुषा ३ बाटै फेरि लड्ने हुन कि भन्ने शंका गरिदै आईरहेको छ।

जबकि नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि २०७९को निर्वाचनमा प्रत्यक्ष निर्वाचन लडेका थिएनन् । उनी समानुपातिक प्रणालीमार्फत प्रतिनिधिसभाको बाटो तय गरेका थिए । तर नेपाली कांग्रेसको निर्वाचन सम्बन्धि विधानको आधारमा समानुपातिक प्रणालीमा शामिल हुन पाउने छैनन्। कांग्रेसको 'प्रतिनिधि सभा (प्रत्यक्ष र समानुपातिक) सदस्यको निर्वाचनतर्फको विधानको धारा ३२ को उपधारा (८) (क) बमोजिमको प्रक्रिया पु¥याई उम्मेदवारको नाम प्रस्ताव र सिफारिस गर्न पार्टीका सम्बन्धित निकायलाई केन्द्रीय कार्यालयमार्फत स्पष्ट निर्देशन सहितको परिपत्र गर्ने।'

त्यही निर्णयका आधारमा त्यसैदिन मातहतका पार्टी संरचनामा गरिएको परिपत्रमा २०७९ सालमा भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यमा समानुपातिक तर्फबाट निर्वाचित भएका र २०७९ को प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक बन्दसूचीमा समावेश भएकालाई समेत उम्मेदवार सिफारिस नगर्ने भनेको छ।

त्यसैले अब हुने निर्वाचनमा विमलेन्द्र निधि प्रत्यक्षतर्फ धनुषा ३ बाटै निर्वाचन लड्ने सम्भावना बढेको छ। यता राष्ट्रिय मुक्ति पार्टीले महतोको नाम सिफारिस गरेर धनुषा ३ मा निधि र महतोबीच प्रतिस्पर्धा हुने सम्भावनालाई हावा दिएको हो।

# देउवालाई भेटेर मधेशका मुख्यमन्त्रीले खुवाए मिठाइ



**काठमाडौँ ।**
मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्णप्रसाद यादवले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग औपचारिक भेटवार्ता गरेका छन् । मंगलबार दिउँसो काठमाडौँमा भएको भेटलाई शुभकामना आदान–प्रदानको रूपमा लिइएको छ ।मुख्यमन्त्रीमा नियुक्त भएपछि यादव पहिलोपटक काठमाडौं पुगेका थिए । देउवा निवासमै पुगेर उनले सभापति देउवालाई मिठाइ खुवाउँदै आशीर्वाद तथा मार्गदर्शन लिएको बताइएको छ ।यादव सातदलीय गठबन्धनको समर्थनमा मुख्यमन्त्री बनेका हुन् ।

कांग्रेस, जसपा, नेपाल जनमत पार्टी, नेकपा माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादीसहित ७७ जना सांसदको साथ उनको नेतृत्वमा नयाँ सरकार गठन भएको हो ।

यसअघि संविधानको धारा १६८(३) अनुसार ठूलो दलका नेता सरोज कुमार यादव मधेशका मुख्यमन्त्री बनेका थिए । तर उनले मंसिर १७ गते राजीनामा दिएपछि धारा १६८(२) का आधारमा कृष्णप्रसाद यादवलाई नयाँ मुख्यमन्त्री नियुक्त गरिएको हो ।

# कांग्रेस सांसदहरूले रिट दर्ता, पेसी पुस २ गते

**काठमाडौँ ।**
प्रतिनिधि सभा पुनस्र्थापना माग गर्दै नेपाली कांग्रेसका सांसदहरूले दायर गरेको रिट सर्वोच्च अदालतमा दर्ता गरिएको छ। दुई दिनअघि पेस गरिएको रिटलाई सर्वोच्च प्रशासनले अध्ययनपछि मंगलबार दर्ता गरेको हो ।

दर्ता गरिएको रिट कांग्रेसका विघटित प्रतिनिधि सभा संसदीय दलका प्रमुख सचेतक श्यामकुमार घिमिरे, सचेतक सुशीला थिङसहित आठ जनाले पेस गरेका थिए ।

कांग्रेस सांसद आशा विक, दीपक खड्का, सीताकुमारी राना, नागिना यादव, शान्ति विक र श्रवणकुमार श्रेष्ठ पनि रिट निवेदकमा परेका छन् ।

सर्वोच्च अदालतका सह–रजिस्ट्रार तथा प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार रिटमाथिको प्रारम्भिक सुनुवाइ पुस २ गते हुने तय गरिएको छ । रिटमा निर्वाचनका सबै गतिविधि रोक्न माग गरिएको छ । रिटमा भनिएको छ, असंवैधानिक रूपमा नियुक्त भएको दाबी गरिएको प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले गर्ने भनिएको प्रतिनिधि सभा निर्वाचन अवैधानिक हुने भएकाले निर्वाचनसँग सम्बन्धित सम्पूर्ण कामकारबाही तत्काल रोक्न प्रतिषेध आदेश जारी गरियोस् ।

रिटमा राष्ट्रपति कार्यालय शीतल निवास, प्रधानमन्त्री सुशीला कार्की, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, निर्वाचन आयोग, सभामुख तथा प्रतिनिधिसभा सचिवालयलाई विपक्षी बनाइएको छ। साथै संविधानको धारा ७६ अनुसार सरकार गठनका लागि राष्ट्रपतिलाई परमादेश जारी गर्न माग गरिएको छ ।

रिट निवेदकहरूले भदौ २४ गते केपी शर्मा ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिएपछि धारा ७६ अनुसार नयाँ सरकार गठन हुनुपर्नेमा त्यस अनुसार प्रक्रिया नचलाइ सुशीला कार्कीलाई असंवैधानिक रूपमा प्रधानमन्त्री नियुक्त गरिएको दाबी गरेका छन् । कार्की प्रतिनिधि सभाको सदस्य नभएको र कुनै दलको समर्थन नपाएको अवस्थामै प्रधानमन्त्री बनाइएको भन्दै यो कदम संविधानको धारा ७६ र १३२(२) विपरीत भएको उल्लेख छ ।

रिटमा कार्कीलाई प्रधानमन्त्री बनाउने राष्ट्रपतिको भदौ २७ को निर्णय, शपथग्रहण तथा त्यसपछिका नियुक्तिहरू बदर गर्न माग गरिएको छ । साथै भदौ २७ गते गरिएको प्रतिनिधि सभा विघटन बदर गरी भदौ २४ कै अवस्थामा फर्काउन आग्रह गरिएको छ ।

यसअघि नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनीता बरालले पनि प्रतिनिधि सभा पुनस्र्थापना र सरकारविरुद्ध रिट दायर गरेका थिए । सो रिटमा सर्वोच्चले विपक्षीलाई कारण देखाऊ आदेश जारी गरिसकेको छ । यसअघि पनि यही विषयमा एक दर्जनभन्दा बढी रिट सर्वोच्चमा दर्ता भइसकेका छन् ।

# नयाँ समझदारीका लागि सरकारले नेतृत्व लिनुपर्छः राप्रपा

**काठमाडौँ ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले सरकारसँग नवीन सम्झौताका लागि माग गरेको छ । राजसंस्था, राजनीतिक दल र जेनजी पुस्ताबीच नवीन सहमतिको नेतृत्व प्रधानमन्त्री सुशीला कार्कीले लिनुपर्ने भन्दै सरकारको ध्यानार्कषण गराएको छ ।

मंगलवार यहाँ राप्रपाद्वारा आयोजित प्रदर्शनी एवं सभालाई सम्बोधन गर्दै पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले सरकारले घोषणा गरेको निर्वाचनअघि नै नयाँ समझदारी आवश्यक रहेको बताए । यी तीन पक्षबीचको सहमतिबाट मात्र अघि बढनुपर्ने उनको माग छ । उनँले विदेशमा रहेका मतदातासहित देशभित्र नै अन्तर जिल्ला मताधिकारको सुनिश्चित गर्न ध्यानार्कषण गराए ।

उनले प्रधानमन्त्री सुशीला कार्कीलाई निर्वाचनअघि नै राजा, राजनीतिक दल र जेनसी पुस्ताबीच सर्वपक्षीय सम्मेलन गरेर मुलुकलाई निकास दिने कामको नेतृत्व गर्न समेत आग्रह गरे ।

'राजा, राजनीतिक दल, जेनजी पुस्ताको सर्वपक्षीय सम्मेलनको आयोजना गर्नुस । र देशलाई निकास दिने कामको नेतृत्व गर्नुहोस्' उनले भने ।

उनले यथास्थितिमा निर्वाचन भए मुलुकमा झनै विद्रोहको आगो बल्ने चेतावनी समेत दिए । मुलुक भूराजनीतिको गम्भिर चक्रव्यूहमा फसेको जिकिर गर्दै अध्यक्ष लिङ्देनले यस्तो अवस्थामा निर्वाचन भए देशले झनै ठूलो ध्वंस व्यहोर्नुपर्ने अवस्था आउने बताए ।

अध्यक्ष लिङ्देनले राजा मुलुकको राष्ट्रिय एकताको प्रतिक भएकाले त्यसको अनिवार्य आवश्यकता मुलुकलाई भएको पनि बताए ।

पार्टीका प्रवक्ता ज्ञानेन्द्र शाहीले नयाँ राजनीतिक समझदारी निर्माणमा जोड दिए । उनले भने, 'नयाँ सम्झौता र नयाँ शक्तिका लागि बाटो खोल्दिनुहोस् । चुनावमा हतार नगरौँ । यो सबै समस्याको निदान पछि निर्वाचनमा जाऔँ । ष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्रले राप्रपाले पूर्ण राजतन्त्रको पक्षमा वकालत नगरेको बताएका छन् ।

मंगलबार काठमाडौँमा पार्टीले गरेको जनसभालाई सम्बोधन गर्दै उनले राप्रपाले सबैले एकताको प्रतिक मान्नसक्ने पृथ्वीनारायण शाहको वंशजलाई लोकतन्त्रको परिधिमा स्थान दिएर अघि बढ्नुपर्ने माग गरेको बताए । उनले राजनीति भन्दा माथि रहने संस्था राजसंस्था नै रहेको उल्लेख गर्दै सबै जातजाति, भाषाभाषी, धर्म संस्कृतिका मान्छेले मान्ने संस्था राजसंस्था नै रहेको बताए ।

आधुनिक शक्तिको प्रतिकको रुपमा राजनीतिक दलहरु रहनुपर्ने पनि बताए । राजनीतिक दलहरुले राज्य नै क्षयीकृत हुनेगरी गल्ती गरेको बताए ।

उनले ठूलो हृदय गरेर सबैलाई समेट्ने सरकार बनाउनुपर्ने बताए । राष्ट्रिय प्रजातन्त्र पार्टीका महामन्त्री डा. धवल शमशेर जबराले नेपालमा अब सक्रिय राजतन्त्र सम्भव नरहेको बताएका छन् ।

मंगलवार काठमाडौँमा पार्टीले गरेको जनसभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले सक्रिय राजतन्त्रसँग आफूहरु सहमत नरहेको बताउँदै नेपालमा संवैधानिक राजसंस्था जरुरी रहेको बताए । उनले यसबारे आफूहरुले राजासँग कुराकानी गरेर स्पष्ट पारेको पनि बताए । नेपालीका छोराछोरीले देश चलाउने र अभिभावकको भुमिकामा राजसंस्था रहने बताए । 'धेरै साथीहरुले सक्रिय राजतन्त्रका कुरा गर्छन् । त्यो कुरासित हामी सहमत छैनौँ । अब सक्रिय राजसंस्था होइन । संवैधानिक राजसंस्था आवश्यक छ । यो कुरा मैले राजासँग पनि सोधेर स्पष्ट पारेको छु । नेपालीका छोराछोरीले देश चलाउने हो । अभिभावकको भुमिका राजसंस्थाले गर्नुपर्छ । यो विषयमा हामी स्पष्ट हुनुपर्छ । सनातन हिन्दु अधिराज्य कायम गर्ने यो सभा हो । यो चेतना जगाउने ठाउँ हो' उनले भने । उनले ठूलो हृदय गरेर सबैलाई समेट्ने सरकार बनाउनुपर्ने बताए ।

# शेखरको एकल नाम प्रस्ताव, मीनेन्द्र र महेश आचार्य पनि सिफारिस

**विराटनगर ।**
फागुन २१ गते तय भएको प्रतिनिधिसभा निर्वाचनका लागि नेपाली कांग्रेस मोरङले आफ्ना सम्भावित उम्मेदवारहरूको नाम जिल्ला समितिमा सिफारिस गरेको छ । मोरङका छैटै निर्वाचन क्षेत्रमा क्षेत्रीय समितिबाट सिफारिस टुंगिएको हो ।

क्षेत्र नम्बर ६ मा डा. शेखर कोइराला र क्षेत्र नम्बर ३ मा डा. सुनिल शर्मा एकल उम्मेदवारका रूपमा प्रस्तावित छन् ।

क्षेत्र नम्बर १ मा कांग्रेस मोरङका सभापति तथा पूर्वमन्त्री डिकबहादुर लिम्बू, पूर्व–उर्लाबारी प्रमुख तथा प्रदेश सहमहामन्त्री खड्ग फागो, साथै नेतृ दिव्या बस्नेतको नाम सिफारिस गरिएको छ । विघटित प्रतिनिधिसभामा लिम्बू नै सो क्षेत्रबाट चुनिएका थिए ।

क्षेत्र नम्बर २ मा पूर्वमन्त्री डा. मीनेन्द्र रिजाल, पूर्वप्रदेश सांसद शिवनारायण सिंह र नेतृ नारायणी पण्डित सिफारिसमा परेका छन् । रिजाल २०७४ को चुनावमा विजयी भए पनि २०७९ मा टिकट पाएनन् । त्यस वर्ष गठबन्धन तर्फबाट मैदानमा उत्रिएकी सुजाता कोइराला एमालेका ऋषिकेश पोखरेलसँग पराजित भएकी थिइन् ।

क्षेत्र नम्बर ४ का लागि पूर्वमन्त्री महेश आचार्य, संविधानसभा सदस्य दिलीप गच्छदार, नेता गुरुराज घिमिरे र विनोद बस्नेत सिफारिस भएका छन् । २०७४ को निर्वाचनमा आचार्य वाम गठबन्धनका अमनलाल मोदीसँग पराजित भएका थिए । गच्छदार २०७० को संविधानसभा निर्वाचनमा तत्कालीन क्षेत्र नम्बर ३ बाट विजयी भएका थिए । घिमिरे भने २०७९ सालमा प्रदेशसभा क्षेत्र १ बाट एमालेका जयप्रकाश चौधरीसँग हारेका थिए । विनोद बस्नेत विराटनगर–३ का पूर्व वडाध्यक्ष हुन् ।

त्यसैगरी क्षेत्र नम्बर ५ मा हसन अन्सारी, राजेश गुप्ता, फुलकुमार लालवानी, फैयाज अहमद र निर्मला सुवेदीको नाम सिफारिस भएको छ । यीमध्ये सर्वसम्मति जुटाउने प्रयास भइरहेको जिल्ला सभापति डिकबहादुर लिम्बूले जानकारी दिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन